नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३३२ ● २०८० साल असोज २६ गते शुक्रबार ● Friday 13, October 2023 ● सूर्योदय: बिहान ६:०३ बजे ● सूर्यास्त: साँझ ५:३९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## एमाले अध्यक्षमा मण्डल, सचिवमा रस्साकस्सी



चन्देश्वर मण्डल



विचारी यादव



आरती भण्डारी



मोहम्मद कैश

**सुरेश यादव**
**जनकपुरधाम ।**
नेकपा एमाले मधेश प्रदेशको अध्यक्ष पदका लागि सिरहाका चन्देश्वर मण्डलका नाममा सहमति भएको छ । पार्टीका निवर्तमान प्रदेश सचिव डा. कृष्ण पौडेलको निधन भएपछि शुक्रबार बिहान ८ बजेसम्मका लागि अधिवेशन स्थगित भएकाले नयाँ नेतृत्वको नाम घोषणा हुन भने बाँकी रहेको बताइएको छ ।
जनकपुरधामस्थित महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठानको प्राङ्गणमा बुधबार पार्टी अध्यक्ष केपी ओलीले उद्घाटन गरेपछि सुरु भएको प्रथम प्रदेश अधिवेशनको दोस्रो दिन बिहीबार दिनभर पदाधिकारी चयनका लागि छलफलमै बित्यो । उद्घाटन समारोहको मञ्चबाट सबै नेताले सहमतिमै नेतृत्व टुंग्याउन दबाब दिँदै माथिबाट कुनै हस्तक्षेप नहुने प्रतिबद्धता जाहेर गरे । अधिवेशनमा भने वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल पक्ष र महासचिव शंकर पोखरेलबीच स्पष्ट प्रतिस्पर्धाको दृश्य देखियो ।
मधेश प्रदेशमा पार्टी सचिव रघुवीर महासेठविरुद्धको समूहको पक्कड बलियो देखिन्छ । महासेठले प्रदेश अध्यक्षका लागि आफुनिकट शिवशंकर साह 'हिरा' लाई अगाडि सारेपछि मधेश प्रदेशबाट प्रतिनिधित्व गर्ने पोलिटब्युरो सदस्यहरु सुमन प्याकुरेल (सप्तरी), अच्युत मैनाली र ज्वाला साह (बारा) तथा लीलानाथ श्रेष्ठ (सिरहा) र मधेश प्रदेशसभा संसदीय दलका नेता सरोज यादव एकजुट भएर सिरहाका चन्देश्वर मण्डललाई अध्यक्षकै लागि प्रस्ताव गरे । चुनावमै गए पनि उनीहरुसँग जित्न सहज नदेखेपछि महासेठले हिरालाई सचिव दिए सहमतिमै पदाधिकारी चयन गर्न लचकता देखाए । तर, उनीहरुले महासेठले सिफारिस गर्ने अध्यक्ष र सचिव दिनै नसक्नेगरी अडान लिएपछि पदाधिकारी टुंग्याउन ढिलाई भएको हो ।
बिहीबार दिनभर सहमतिका लागि घनिभूत रुपमा छलफल चले पनि निष्कर्षमा पुग्न नसकिएको महासेठ निकट एक नेताले जानकारी दिए । उनका अनुसार अध्यक्षलगायत सचिवबाहेक पदमा पदाधिकारीको नाम भने टुंगिएको छ । अध्यक्षमा सिरहाका मण्डल, उपाध्यक्षमा पर्साका बिचारी यादव र उपसचिवमा रौतहटकी आरती भण्डारी तथा धनुषाका मोहम्मद कैशको नाउँमा करिब करिब सहमति भइसकेको ती नेताले घोषणा भइनसकेकाले आफ्नो नाम प्रकाशन नगर्ने शर्तमा जानकारी दिए ।
सचिवमा भने महासेठ पक्षले धनुषाका शिवशंकर साहको नाममा अडान कायम राखेको छ । महासेठ बाहेकका नेताहरुले भने साह बाहेकको नाउँमा मात्रै सहमति दिन अडिग देखिएका छन् । 'सचिवमा बाराका मनोज पौडेल र सर्लाहीका गणेश प्रसाईंमध्ये कोही एकको नाममा सहमति हुने सम्भावना छ,' मधेश प्रदेशसभा संसदीय दलका नेता यादवले भने, 'सचिव पदका लागि यी दुई बाहेक अरु कोही मान्य हुँदैन ।' यादवको भनाईले अध्यक्ष नदिएको महासेठलाई सचिव पनि दिन नसकिने ती पक्षको अडान बुझिन्छ ।
महासेठले भने अन्तिम समयसम्म शिवशंकर साहलाई नै सचिवमा सहमति जुटाउन प्रयास गर्ने उनी निकट एक नेताले मधेशदृष्टिलाई जानकारी दिए । 'अन्तिम समयसम्म सहमतिका लागि शिवशंकरजीकै नाममा अड्ने हो । तर, केही गरी नमिलेर चुनावमै जाने अवस्था आएमात्र पछि हट्ने हाम्रो योजना हो,' उनले भने । अधिवेशनले एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव र दुई उपसचिव चयन गर्नेछ । सचिवालयलगायत २ सय ३० जना प्रदेश सदस्य विधानबमोजिम मनोनीत गर्ने योजना रहेको एक नेताले जानकारी दिए । बुधबारदेखि सुरु भएको अधिवेशन लगभग चुनावमा नगइकनै टुंगिए शुक्रबार अपरान्हसम्म पदाधिकारी चयन गरी समापन हुने सम्भावना देखिन्छ ।

## कृषि औजार कारखाना सञ्चालनमा सरकार बाधक : यादव

***कृषि औजार कारखाना पूर्णरूपले सञ्चालन गर्न सरकारले घोषणा गरेको रकम उपलब्ध गराउन प्रदीप यादवले माग गरेका छन् ।***

**मधेशदृष्टि**
**वीरगञ्ज ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतक प्रदीप यादवले सरकारको लापरवाहीका कारण वीरगञ्जस्थित कृषि औजार कारखाना पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको बताएका छन् ।
सरकारले कृषि औजार कारखानाको जिम्मा समाजसेवी महावीर पुनलाई दिएपनि अनुदान वापतको रकम नदिँदा कारखाना पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको यादवले बताएका हुन ।
पूर्व वन तथा वातावरण मन्त्री समेत रहेका यादवले भने, "वीरगञ्जस्थित कृषि औजार कारखानालाई पुन: सूचारु गर्ने जिम्मा सरकारले समाजसेवी



महावीर पुनलाई दिएको थियो । उहाँले आफ्नो टोलीसँग कारखाना सञ्चालनमा ल्याएर परीक्षण समेत गरिसकेका छन् । तर उनलाई सरकारले दिनुपर्ने २७ करोड रुपैयाँ नदिँदा कारखाना पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन ।
पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य समेत रहेका यादवले सरकारले घोषणा गरेको रकम महावीर पुन तत्काल उपलब्ध गराउन माग समेत गरे त्यस्तै यादवले प्यालेस्टाइनी विद्रोही समूह हमासले इजरायलमाथि गरेको आक्रमणमा परेर निधन भएका नेपाली नागरिकहरूप्रति श्रद्धाञ्जली पनि अर्पण गरे ।
उनले इजरायलमा अझै पनि फसेका नागरिकहरूको उद्धार गरेर स्वदेश फिर्ता ल्याउनका निमित्त प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) र परराष्ट्र मन्त्रीले देखाएको तदारुकताका लागि समेत आभार प्रकट गरे ।
यादवले डेङ्गु संक्रमणबाट अस्पतालमा उपचाररत उपराष्ट्रपति रामसहाय यादवको स्वास्थ्य लाभको कामना पनि गरे ।

## हुलाकी राजमार्ग र रेल कांग्रेसले ल्याएको होः सहमहामन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा हुलाकी राजमार्ग र जनकपुरमा रेल चलाउने काम आफू प्रधानमन्त्री भएको बेला गरेको एमाले अध्यक्ष केपी शर्मा ओलीले दाबी गरेको भोलिपल्ट नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले त्यो दुवै काम कांग्रेस नेतृत्वको सरकारले गरेको जिकीर गरेका छन् ।
बिहीबार जनकपुरधाम–१९, बेंगामा आयोजित कांग्रेस महाधिवेशन प्रतिनिधि बुलन यादवको श्रद्धाञ्जली सभामा सहमहामन्त्री यादवले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री रहेका बेला भारत भ्रमणक्रममा भएको सम्झौताअनुसार दुवै काम

*बाँकी पृष्ठ २ मा*

## मेयर यादवलाई ३ वर्ष कैद र १५ लाख जरिवाना



**सञ्जय मिश्रा**
**रौतहट ।**
फतुवा विजयपुरका मेयर गोपाल राय यादवलाई ३ वर्ष कैद र १५ लाख रुपैयाँ जरिवना भएको छ ।
लालबकैया नदीको टेन्डर प्रकरणमा भ्रष्टाचार मुद्दामा दोषी ठहर भएपछि विशेष अदालतले निलम्बित मेयर यादवलाई ३ वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना गरेको हो । विशेष अदालतले कसूर ठहर्याएर बुधबार सजाय सुनाएको हो ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १८ जनप्रतिनिधिसहित २१ जनालाई प्रतिवादी बनाएको भए पनि यादव मात्र दोषी ठहर भएका छन् । उनीहरुविरुद्ध २०७९ सालमा विशेष अदालतमा मुद्दा दायर भएको थियो । यादव स्थानीय निर्वाचनमा पनि मेयरमा निर्वाचित भएका थिए ।
लालबकैया नदीको उत्खनन्सम्बन्धी ठेक्का रद्ध गरेर नगरपालिकालाई हानी नोक्सानी पुर्याएको आरोप यादवविरुद्ध लागेको थियो ।
विशेष अदालतले लालबकैया नदीको आन्तरिक आय व्यवस्थापनका विषयमा फैसला गर्दै मेयर यादवलाई कसुरदार

*बाँकी पृष्ठ २ मा*

## हुलाकी सडक व्यक्तिका नाममा !



**विकास अग्रवाल**
**रौतहट ।**
निर्माणाधीन हुलाकी राजमार्गको जग्गा व्यक्तिको नाममा कायम रहेको खुलेको छ । हुलाकी राजमार्ग अन्र्तगत मौलापुरस्थित निर्माणाधीन भकुवा पुल आवतजावत गर्ने सडक व्यक्तिका नाममा रहेको पाइएको हो ।
मौलापुर र बौधिमाई नगरपालिकाको सीमामा रहेको भकुवा खोलामा निर्माणाधीन पुलको जग्गा नै यकिन नगरी पुल निर्माण गर्दा स्थानीय अरुनोदय देवी र गिरिजा देवीको ३ कठ्ठा जग्गा नै हुलाकी सडक निर्देशनालयको अतिक्रमणमा परेको हो । कतै राज्यको सम्पत्ति व्यक्तिले कब्जा गर्दै आएको छ भने कतै राज्यबाटै नागरिकले सास्ती भोग्नु परेको छ ।
बौधिमाई नगरपालिका–७ इनरवारीका अरुनोदय देवी र गिरिजा देवी आफ्नो ३ कठ्ठा जग्गा फिर्ता पाउँन सम्बन्धित निकायमा हारगुहार गर्दा पनि सुनवाइ भएको छैन । पतिको निधन भइसकेको र सम्पत्ति नै सहारा हुँदा सडकमा परेपछि अरुनोदय देवी न्यायको गुहार गर्दै हुलाकी सडक निर्देशनालय, योजना कार्यालय वीरगंज धाइरहेकी छिन् । उनले भरपर्दो जवाफ पाएकी छैनन् ।
मौलापुर नगरपालिका र बौधिमाई नगरपालिकाको सिमानामा रहेको भकुवा खोलामा पुल निर्माणका लागि हुलाकी सडक निर्देशनालयले आर्थिक वर्ष २०७७।७८ मा पुलको ठेक्का दिएको थियो । पुल निर्माणका लागि तयार गरिएको डिजाइन नै त्रुटिपूर्ण रहेकाले समस्या देखा परेको जग्गाधनी रामएकवाल राय यादवले बताए ।
प्राविधिकको लापरवाहीका कारण हुलाकीको जग्गा नै यकिन नगरी पुल निर्माण गर्दा पुलपारीको बाटो व्यक्तिको जग्गामा पर्न गएको छ भने हुलाकी सडक नै नदीको धारमा परिर्वतन हुने देखा परेको छ । पुलको दाँयातर्फ हुलाकी सडकको आफ्नो जग्गा हुदाँहुदै पनि जबर्जस्ती हुलाकी सडक निर्देशनालयले आफ्नो निजी जग्गामा सडक पर्ने गरी पुल बनाएकाले अन्याय परेको जग्गाधनी गिरिजा देवीकी पति रामएकवाल यादवले बताए ।
सडकखण्ड अन्र्तगत पुल नजिकैको कित्ता नम्बर ६१६, ६१७, ६१८ र ६१९ को एघार कठ्ठा जग्गामध्ये तीन कठ्ठा जग्गा सडकमा परेको स्थानीय शशिकान्त तिवारीले जानकारी दिए । आफ्नो जग्गा फिर्ता पाउने आशमा सम्बन्धित निकायमा पटकपटक हारगुहार गर्दासमेत कुनै चासो नदेखाएपछि बाध्य भएर अदालतको शरणमा जाने उनीहरुले चेतावनी दिए ।
सुगम निर्माण सेवा जनकपुरले ५ करोड १ लाख ४५ हजार ९ सय अठहत्तर रुपैयौमा सकार गरेको पुल निर्माणका लागि आवश्यक पर्ने व्यक्तिको निजी जग्गा प्राप्त गर्ने कानुनी प्रावधान रहेपनि सो स्थानमा जग्गा प्राप्तिका लागि कुनै प्रक्रिया नै नचालिएको पाइएको छ । सडक वा पुल विस्तार गर्दा नेपाल सरकारको प्रचलित कानुनले तोकेको कानुन बमोजिम जग्गा प्राप्त गर्नु पर्ने प्रावधान छ । व्यक्तिको नाममा रहेको के कति जग्गा सडक विस्तारका लागि लिन खोजिएको हो, कुन–कुन कित्तानम्बर बाट के कति क्षेत्रफल जग्गा, पर्खाल, घर, टहरा वा स्थायी संरचना प्राप्त गर्ने हो, नापनक्सा गरी सम्पूर्ण विवरण खुलाई राजपत्रमा सूचना प्रकाशित गर्नु पर्ने र घरजग्गा धनीले के कुन हिसाबमा के कति रकम क्षतिपूर्ति पाउने हो, यकिन गरिनु पर्नेलगायतको कानुनी व्यवस्थाविपरित हुलाकी सडक निर्देशनालयले पुल निर्माण गरी सडक निर्माण र विस्तार गर्दा व्यक्तिको निजी सम्पत्तिमाथि हस्तक्षेप भएकोक छ ।



# ठूला अनियमितताका घटनामा समिति आँखा चिम्लिएर बस्दैनः खतिवडा

*राज्यको सुरक्षा गर्ने तालिम लिएका सुरक्षाका मानिसहरू कुनै नेता या उच्च पदस्थहरूका घरमा बसेका सुनिएको छ । यो अत्यन्तै गलत प्रवृत्ति हो । सुरक्षाकर्मीलाई सही ठाउँमा प्रयोग गर्नुपर्छ, यसरी दुरुपयोग गर्नु हुँदैन । यसका लागि पनि हामीले गृह मन्त्रालयलाई पत्र लेखेका छौँ र मापदण्ड बनाएर काम गर्न भनेका छौँ । यदि सरकारले निर्माण गरेको मापदण्डभन्दा बाहिर गएर कहीँ कसैले यी सुरक्षाकर्मी खटाएको पाइएमा तुरुन्त फिर्ता गराई राज्यको उसको तोकिएको काममा लगाउन भनेका छौँ ।*

**काठमाडौँ ।**
*संसदीय राजनीतिक व्यवस्थामा संसदीय समितिहरूलाई 'मिनी पार्लियामेन्ट' अर्थात् सानो संसद् भनिन्छ । यसमध्ये पनि सबै सुरक्षा निकाय, निर्वाचन एवं अख्तियार, प्रशासनलगायतका धेरै र राज्यका संवेदनशील निकाय कार्यक्षेत्र रहेकाले राज्य व्यवस्था तथा सुशासन समितिलाई थप महत्वको समिति मानिन्छ । समितिका सभापति रामहरि खतिवडासँग देशको वर्तमान अवस्था र समितिले सुरु गर्न लागेका कामकारबाहीमा केन्द्रित रही राससले गरेको कुराकानीमा आधारित उनका विचार यहाँ प्रस्तुत गरिएको छः*

हालैमात्र गठन भएको राज्य व्यवस्था तथा सुशासन समितिले अहिले त काम सुरु गरिहालेको भन्दा पनि बुझ्ने काम मात्र गरिरहेको छ । हामी भर्खर आएका छौँ र नियमावली बनाएर काम थाल्दैछौँ । मुख्यगरी संसद्ले पेश गरेका केही नियम संशोधन एवं कानुन बनाउने कुरा छन् । जस्तो की भ्रष्टाचार निवारण, संवैधानिक परिषद्को काम कर्तव्य र अधिकार, खाद्य व्यवस्थासम्बन्धी गरी चार विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा आएका छन् । यसका साथै निर्वाचन आयोगसम्बन्धी पनि छ । वर्तमान निर्वाचन प्रणाली मुलुकका लागि निकै महङ्गो भएको तथा अर्कातर्फ निर्वाचनमा प्रणालीमै पनि प्रश्न उठेको छ । समानुपातिक निर्वाचन प्रणालीका कारण कुनै सरकार स्थिर बन्न नसक्ने देखिएको छ । यो प्रणालीको विकल्प खोज्ने या कसरी व्यवस्थित गर्ने भन्ने विषय पनि छलफलमा आएको छ । उता अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कार्यक्षेत्र र विद्यमान अवस्थाको कुरा छ । कतिपय मानिस बेनामे उजुरीका कारण प्रताडित भएको देखिएको छ । अर्कातर्फ हजारौँ यस्ता बेनामे उजुरी थपिएका थपियै छन् । यस विषयमा पनि थप विचार गर्नुपर्ने महसुस हामीले गरेका छौँ । बेथिति बढेको देखिएको छ । स्थानीय तहकै कुरा गर्दा पनि अहिले भ्रष्टाचारका धेरै मुद्दा देखिएका छन् ।
अख्तियारको पछिल्लो रिपोर्टमा यो देखिएको छ । साथै लोकसेवा आयोग, मानवअधिकार आयोगका काम कारबाहीका बारेमा पनि हामीले अध्ययन गरिरहेका छौँ । नेपाल प्रहरीको नियमावली संशोधनको कुरा छ । त्यसैले सुरुमा हामीले अहिले बुझ्ने काम मात्र गरेका छौँ । त्यसैले अहिले हामीले यी सबै विषयमा बुझ्ने काम गरेका छौँ । अर्को गम्भीर देखिएको नेपालको जेलको विषय पनि हो । जेलको व्यवस्थापन र अवधारणामा सोच्नुपर्ने अवस्था छ । कुनै पनि व्यक्तिलाई सुधार्नका लागि जेल पठाउने हो । तर नेपालका जेल सुधार गृहजस्ता छैनन् । जेलमा क्षमताभन्दा धेरै मानिस कोचेर राखिएको छ । अहिले नेपालमा करिब २९ हजार नौ सय बन्दी छन् तर हाम्रो देशभरका कारागारको क्षमता १४ हजारको हराहारीमा मात्र छ । कतै त २५ जनाको सिटमा ७५ जना राखिएको पनि देखिएको छ । यी विषयमा पनि हामीले आवश्यक छलफल गर्नुपर्ने छ । अर्कातर्फ जेलमा बसेर निस्किएका मानिसले आफूले गरेका गल्तीको महसुस गरी प्रायश्चित गर्नुपर्ने अर्थात् आचरण र व्यवहारमा परिवर्तन ल्याउनुपर्नेमा उल्टै अर्को अपराध गर्ने गरेको देखिएको छ । जेलमा राखिएका मानिसको व्यवहारमा परिर्वन ल्याउनै सकेनौँ भने हाम्रो जेल प्रणालीको अवधारणामा पनि नयाँ सोच राख्नुपर्ने हो कि भन्ने मलाई लागेको छ ? वर्षौंसम्म जेल राखेका मानिसका आचरणमा परिवर्तन ल्याउन र उनीहरूलाई बाँकी जीवनमा अर्को अपराध या गल्ती नगरी अरुलाई पनि नगर्नका लागि प्रेरणा दिनेगरी व्यवहारमा परिवर्तन ल्याउन जेल प्रणालीमा सुधार ल्याउनुपर्ने मैले देखेको छु । वास्तवमा सुशासनको अनुभूति हुन सकेन भने जस्तोसुकै बलियो अथवा जसको नेतृत्वको सरकार भए पनि काम हुँदैन । नेता जोसुकै होस् त्यसको हिसाब जनताले राख्दैनन्, जनताले के पाए भन्ने हिसाब मात्र उनीहरूसँग हुन्छ ।



त्यसैले पनि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिसँग जनताको ठूलो आशा र अपेक्षा रहेको छ । देश विकासको पहिलो सर्त सुशासन हो । त्यसैले यो समितिले सरकारलाई निर्देशन दिने मात्र होइन कि सुशासनमा सघाउने र सुशासनका एजेण्डको कार्यान्वयन गराउने काम गर्दछ । जस्तो कि राज्यको सुरक्षा गर्ने तालिम लिएका सुरक्षाका मानिसहरू कुनै नेता या उच्च पदस्थहरूका घरमा बसेका सुनिएको छ । यो अत्यन्तै गलत प्रवृत्ति हो । सुरक्षाकर्मीलाई सही ठाउँमा प्रयोग गर्नुपर्छ, यसरी दुरुपयोग गर्नु हुँदैन । यसका लागि पनि हामीले गृह मन्त्रालयलाई पत्र लेखेका छौँ र मापदण्ड बनाएर काम गर्न भनेका छौँ । यदि सरकारले निर्माण गरेको मापदण्डभन्दा बाहिर गएर कहीँ कसैले यी सुरक्षाकर्मी खटाएको पाइएमा तुरुन्त फिर्ता गराई राज्यको उसको तोकिएको काममा लगाउन भनेका छौँ । हाम्रो प्रारम्भिक जानकारीमा दुई हजारभन्दा बढी सुरक्षाकर्मीलाई यसरी व्यक्तिगत काममा लगाउने गरिएको भन्ने हामीले पाएका छौँ, यस विषयमा पनि हामी छलफल गर्नेछौँ । देशमा सुशासन खस्किँदो छ । हरेक दिन सञ्चारमाध्यममा भ्रष्टाचार र अनियमितताका घटना मात्र आउँछन् । बेरुजुको हद त्यस्तै छ । कसका कारण बेरुजु बढिरहेको छ भन्ने स्पष्ट छ तर कारबाही हुदैन । नेताहरू सुशासनका कुरा चर्का गर्छन् तर मन्त्री भएपछि बदमास व्यक्ति खोजेर राजनीतिक नियुक्ति गर्न थाल्छन् । मानिसबीच आपसी सद्भावमा कमी आउँदै गएको महसुस हुन थालेको छ । हरेक जाति, धर्म र सम्प्रदाय या समूहका मानिस अहिले आफ्ना कुरामात्र माथि पार्न बडो तछाडमछाड गरिरहेको अवस्था म देख्दैछु ।
कहाँबाट हिंसा भड्किने हो भन्ने त्रास समाजमा देखिँदैछ । उता राजनीतिक दलहरू भने आफ्ना मात्र एजेण्डमा केन्द्रित देखिन्छन् । यस्तो अवस्थामा सबैभन्दा पहिला देश हो र त्यसपछि मात्र हामी जनता हौँ भन्ने भावना जागृत गराउनुछ । संसदीय राजनीतिक व्यवस्थामा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुने भएकाले देशमा राष्ट्रियता र राष्ट्रिय एकताको भावना जगाउने कामको अगुवाइ दलहरूले नै गर्नुपर्छ । दसैँ आएको छ, महँगीका कारण मानिस बजार जान सकिरहेका छैनन् । दसैँमा घर जानका लागि नागरिकलाई टिकटको भरपर्दो प्रबन्ध छैन । सरकार 'इ गभर्नेन्स' को कुरा गर्छ तर बसपार्कमा टिकट किन्न हजारौँ मानिसको भीड लागेको छ । यस्तो सूचना प्रविधिको जमानामा पनि जनतालाई अनलाइन टिकट बुकिङ गरेर त्यति पनि अनुभूति दिन सकिँदैन ? जमाना कहाँ पुगिसक्यो तर हामी भने अझै पनि टिकट किन्ने लाइनमा घन्टौँ बिताउन बाध्य छौँ । सुशासनको परिभाषा के हो ? जनतालाई कुनै पनि सेवा सुविधा सहज र सुलभ रुपमा दिनु सुशासन होइन ? कसले गर्ने यो काम ? कसको भर गर्ने जनता ? समितिका नजरमा यस्ता कैयौँ काम आएका छन् । तर एकैपटक सबैतिर हात हाल्दा सबैतिर गज्याङगुजुङ होला भन्ने डरले हामीले विस्तारै काम थाल्दैछौँ र अहिले बुझ्ने र ब्रिफिङ लिने काम गरिरहेका छौँ ।
समितिको कार्यशैली कहिल्यै पनि कुनै पनि व्यक्तिगत लाभ या हानितिर जाँदैन । हामीले समितिमा रहेर जनताका काम गर्दा कुन पार्टी या आस्था भनेर देखाउने होइन । हो, हाम्रो पार्टी छ, आआफ्ना आस्था पनि छन् । ती हाम्रा आस्था संसद्मा देखाउँला । समितिमा सबै पार्टीका साथीहरू हुनुहुन्छ । दलको झल्को हामीले समितिमा दिँदैनौँ, दिनुहुँदैन । सरकारलाई राज्यको सुशासनको कामका लागि समितिले निर्देशन दिने हो । फेरि हाम्रो काम निर्देशन दिने या अप्ठेरो पार्ने मात्र पनि होइन, सरकारलाई सुशासनका लागि सहज वातावरण बनाउने र सघाउने पनि हो । विगतमा र अहिले पनि न संसद् र न समिति नै प्रभावकारी भए भन्ने आवाज मैले पनि सुन्ने गरेको हो । समितिले दिएका दिर्नेशन सरकारले यथोचितरुपमा कार्यान्वयन गरेन भन्ने पनि सुनेको हो, देखेको पनि हो । तर हामीले अब अगाडि बढाउने कामको अवस्था त्यस्तो हुँदैन । किन भने हामीले कुनै व्यक्ति, निकाय, नेता या पदाधिकारीलाई अप्ठेरो पार्ने या व्यक्तिगत लाभ र प्रतिशोध लिने गरी काम गर्ने होइन । देश र जनताका पक्षमा गर्ने हो । समितिले दिने निर्देशन पनि सुशासनकै लागि हो । फेरि हामीले कसैलाई कामका लागि कुनै आदेश या निर्देशन मात्र होइन कि त्यो कार्यसम्पादनका बाटो पनि सुझाउँछौँ । कुनै मन्त्री, सचिव या पदाधिकारीलाई के अप्ठेरो प¥यो भन्नेभन्दा पनि देश र जनतालाई कसरी सजिलो र सहज हुन्छ र त्यसलाई सरकारले कसरी सम्पादन गर्नसक्छ भन्नेमा नै बढी मात्रामा हाम्रो ध्यान जानेछ । अर्को कुरा संसद् प्रभावकारी भएन भन्ने जनताको गुनासो पनि नाजायज होइन । बेला बेलामा संसद् अवरुद्ध हुने भएकाले पनि यस्तो देखिएको हो । यतिबेला पनि संसद् कहिले सुनकाण्ड, कहिले जलहरी त कहिले नक्कली भुटानी शरणार्थी मुद्दा आदिका कारण अवरुद्ध भएको छ । आयोग गठन गर्दा कतिपय व्यक्ति छनोटका कारण पनि केही ढिलाइ भयो होला । तर यी सबै विषय अब प्रक्रियमा गइसकेका छन् । आयोगले आफ्नो काम थालेको छ र यता प्रहरी पनि अनुसन्धानरत छ । त्यसैले अबका दिनमा नेपाललाई तस्करीको अखडा बनाउने काम कहीँ कतैबाट हुनेछैन र यस्ता कार्यमा पनि सुशासन समितिले निगरानी राख्नेछ । यस्ता विषयमा अनुसन्धानमा रहेका राज्यका निकायलाई समय समयमा आवश्यक नीति निर्देशन गरी समिति अघि बढ्नेछ । पछिल्लो समयमा अनियमितताका ठूल्ठूला घटना बाहिर आएका छन् । मैले माथि नै भनिसकेँ कि समाचार हुन् या सामाजिक सञ्जालमा पनि यस्ता घटना बाहिर आउने गरेका छन्, आइनै रहेका छन् । यस्तो अवस्थामा संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको भूमिका के हुन्छ र मुलुकमा सुशासन कायम राख्नका लागि यो समितिले के गर्न सक्छ भन्ने अनगिन्ती जिज्ञासा अहिले उठेका छन् । मलाई कतिपय बैठकमा, भेटेर या फोन आदिबाट पनि यस्ता जिज्ञासा राखिएको छ । जनताको तहबाट अझ बढी चासो र चिन्ता व्यक्त भएको अवस्था मैले अनुभव गरेको छु । यी तमाम चिन्ता र चासोको म सम्मान गर्दछु । मुलुकमा बढ्दो अनियमितता र बेथितीको व्यवस्थापनमा सरकारको यथोचित ध्यान नपुग्दा जनतामा यो चासो बढ्नु स्वाभाविकै हो । यो अवस्थाका दोषीलाई सरकारले कारबाही गर्न नसकेको या कतिपय अवस्थामा आस्थाका आधारमा काम गरेको भन्ने पनि जनताको गुनासो छ र उनीहरूले यस्तो अवस्थामा यस समितिको भरोसा गरेका छन् । जनताका यस्ता गुनासा भोलि गएर निराशामा परिणत भएभने त्यसले देशलाई गर्ने क्षतिको अनुमान कसैले पनि गर्न सक्दैन । त्यसैले 'मिनी संसद्'का रुपमा रहेका संसदीय समिति र त्यसमा पनि राज्य व्यवस्था समितिका तर्फबाट हामीले यी सबै काममा राज्यका तत् तत् निकाय र सरकार स्वयंलाई जिम्मेवार बनाउने काम गर्नेछौँ । म सबैलाई यो विश्वास दिलाउन चाहन्छु कि यस्ता ठूला अनियमिताका घटनामा राज्य व्यवस्था समिति आँखा चिम्लिएर बस्दैन । आवश्यक परामर्श, बहस, निर्देशन र तिनको कार्यान्वयन गराउने काममा नै लाग्छ । हामीले यी सबै संवेदनशील कामलाई पार्टीको आँखाबाट हेर्नेछैनौँ ।
अनियमितताका नाममा कुनै पनि पार्टी या नेता फस्नुपर्छ या बच्नुपर्छ भनेर पनि यो समिति कदापि लाग्नेछैन । समितिमा रहेका सबै माननीय सदस्यले पनि आफ्ना पार्टीका आँखाबाट हेर्नुहुने छैन भन्ने मेरो पूर्ण विश्वास छ । यो समिति सबैको साझा हो । समितिका काममा पार्टी, जाति, तेरो, मेरो केही हुनेछैन । मलाई विश्वास छ हामीले सबैको सल्लाह, सुझाव र समन्वयबाट राम्रो काम गरेर देखाउने अवस्था सिर्जना हुनेछ । समिति गठन भएको महिना दिनमात्र पुगेको छ ।
अहिल्यै, यो समितिप्रति देशका सबै पक्ष र जनताले भर गरेको देख्दा पनि हामीले सबैको सद्भावबाट धेरै काम गर्न सक्छौँ भन्ने आत्मविश्वासमा म छु ।

# चुनाव जित्नका लागि विकासको आश्वासन देखाउने चलन छः ज्ञवाली

**काठमाडौँ ।**
नेकपा (एमाले) का सांसद शोभा ज्ञवालीलाई चुनाव जित्ने बेलामा जनतासँग विकासका आश्वासन दिने पुरानो परिपाटी नै गलत भन्ने लाग्छ । 'जनताले सांसद कानुन बनाउन जाने हुन चुनेर पठाउनुपर्छ' भनेर सोच्ने नगरेको उनको अनुभव छ । 'बुझ्नेलाई त थाहा छ नि, सांसदको कानुन बनाउने प्रमुख भूमिका हो भनेर, तर चुनाव जित्ने बेलामा जनतालाई थुप्रै आश्वासन दिएको हुन्छ', उनले भनिन्, 'सांसदको पूर्ण ध्यान आफ्ना क्षेत्रको विकास निर्माणमा मात्र छ, कानुन बनाउनुपर्ने महत्वपूर्ण काम चाँहि ओझेलमा पर्ने गरेको छ ।' नेपालमा धेरै पहिलादेखि नै यही संस्कार नै बनेकाले पनि जनतालाई पनि विकासकै आशा हुने उनको अनुभव छ ।
'अझै पनि धेरै ग्रामीण बस्तीमा सांसद भन्ने वित्तिकै विकासकै आशा हुन्छ', उनले थपिन्, 'स्वास्थ्य चौकी छैन, कति ठाउँमा छ, औषधि छैन, शिक्षाको अभाव छ, सडक, खानेपानीको धेरै समस्या छन्, त्यो जनप्रतिनिधिले नै पूरा गरोस् भन्ने आशा हुन्छ ।' सांसद ज्ञवालीलाई सबै कुरा एउटा सांसदले विकास गर्न सम्भव पनि नभएको अनुभव छ । सांसद विकास कोष पनि जनतालाई देखाउने कोष मात्रै भएको उनको बुझाइ छ ।
'योजना दिने तर पैसा नदिनेजस्ता धेरै समस्या हुने गरेको थियो, राज्यकोषको पैसाबाट हो, कोष किन चाहियो विकास गरे भइहाल्छ नि', उनले भनिन्, तर अहिले सर्वोच्च अदालतले रोकेको छ, मलाई व्यक्तिगतरुपमा अदालतले रोक लगाएको ठीक लागेको छ, त्यो कोष जरुरी छैन ।' गुल्मीको रुरु गाउँपालिका–१ मा २०२६ सालमा जन्मिएकी नेत्री ज्ञवालीले एमालेमा भूमिगत भएर बर्दिया र कैलाली पार्टीको काम गरिन् । उनी गुल्मीमा जन्मिए पनि कर्मथलो फरक हुँदा २०४६ सालमा बहुदल आएपछि खुलेर बाहिर आएकी हुन् । उनी



बर्दिया निर्वाचन क्षेत्र नम्बर १ बर्दियाबाट प्रतिनिधित्व गर्छिन् । समानुपातिकबाट पहिलोपटक प्रतिनिधिसभा सदस्य भएकी हुन् । विधायक ज्ञवालीलाई सांसदको काम कानुन निर्माण प्रक्रियामै ध्यान दिनुपर्ने हो भन्ने लागे पनि चुनाव जित्नका लागि जनताका सामु बाटो बनाउने, रोजगारी सिर्जना गर्ने, खानेपानी, शिक्षा स्वास्थ्य आदि पूरा गर्छु भनेर वचन दिएकाले जनताको पीर मर्कामा जानुपर्ने उनको भनाइ छ । उनले भनिन्, 'नेपालमा त्यही खालको संस्कार छ, त्यसले गर्दा पनि जनता कानुन बनाउने भन्दा प्राथमिकतामा जनताको समस्या पहिला आउँछ ।' संसद् सुचारु भएको यतिका समय भइसक्दा पनि कानुन बनाउने काममा तीव्रता दिन नसकेको उनलाई सांसदको मात्र दोष हो भन्ने लाग्दैन । सरकारले सदनलाई 'विजनेस' नदिएर नै कानुन निर्माण प्रक्रियामा ढिलाइ भएको उनको ठहर छ ।
'एउटा मिटरब्याजीसम्बन्धी विधेयकबाहेक अरु बनेको छैन, वास्तवमा यो संसद् र सांसदको भूमिकामा गम्भीर प्रश्न उठ्ने सवाल छ', उनले भनिन्, 'किन भने संविधान अनुकूल बनाउनुपर्ने कानुन नै धेरै छन् ।' आमजनताको प्रतिनिधित्व गर्ने संसद् कानुन बनाउन ढिलाइ हुनुमा जवाफदेही सांसद पनि हुनुपर्नेमा उनी सहमत छिन् । यसमा सांसद र सरकार उत्तिकै जिम्मेवार हुनुपर्ने र बनाउनुपर्ने महत्वपूर्ण कानुन निर्माणमा सबैको ध्यान हुनुपर्ने उनको भनाइ छ । 'कानुन बनाउनुपर्ने विषयका विधेयक सरकारले ल्याउनुपर्छ', उनले भनिन्, 'सदनलाई सरकारले काम दिए कानुन बनाउने हो, तर बनाउनुपर्ने महत्वपूर्ण कानुनका विधेयक पनि आउन ढिलाइ भइरहेको छ ।' संसद् सञ्चालन गर्ने प्रमुख भूमिका सरकारको भएको र प्रमुख प्रतिपक्षीलाई जायज मागमा सम्बोधन नभएपछि र विना आधार आरोप लगाएपछि संसद्मा अवरोध गर्नुपर्ने बाध्यता परी आउने उनको बुझाइ छ । सुशासनका लागि बोल्नका लागि संसद्को प्रमुख प्रतिपक्षको बोल्नैपर्ने आवश्यकता भएको उनको भनाइ छ । कानुन बनाउने थलोमा उभिएका सांसद आबेगमा बोल्न हुँदैन भन्ने उनलाई लाग्छ । 'सदनमा मयार्दामा रहेर बोल्नुपर्छ, जनताको प्रतिनिधि भएर इमान्दार, मर्यादित र अनुशासित हुनुपर्छ', उनले भनिन्, 'संसद् भनेको जे मुखमा आयो, त्यही बोल्ने स्थान होइन, नेपालको सांसद भनेर विश्वभरिका नेपाली र अरु सबैले हेरिरहेका हुन्छन्, सभ्य हुनुपर्छ ।' उनलाई पहिला बोल्ने र पछि रेकर्डबाट हटाउनुपर्ने अवस्थाको सिर्जना गर्नु पनि ठीक होइन भन्ने लाग्छ । प्रमुख प्रतिपक्षी दलका नेकपा (एमाले) का सांसदले त्यस्तो अश्लील, असभ्य, असोभनीय बोलेर रेकर्डबाट हटाउनुपर्ने अवस्था आएको उनलाई सम्झना छैन ।



आफ्नो विगत, इतिहास, उद्गम र संस्कार तथा संस्कृतिबारे जानकार नभएकाहरु जराविनाका रुखजस्तै हुन् । -मर्कुस

## सम्पादकीय

# ओलीको मधेशमा बडबोली

कुनैबेला मधेश निषेध भएका नेकपा एमालेका अध्यक्ष केपी ओलीको बोली अहिले आएर मधेशमा पनि ठूल्ठूलो हुनथालेको छ । कार्यकर्तालाई आफूअनुकुल परिचालन गर्न बोलीको सहारामा नै खप्पिस ओलीले जनकपुरधाममा रेल चलाएको भनेर मधेशलाई लोभ्याउने खुब प्रयास गरे पनि दर्शकदीर्घाबाट नै एक हूलले रेल त चलाउनुभयो तर पानीजहाज खोइ भनेर हुटिङ गरेको दृश्य पनि एमालेले मधेश प्रदेश अधिवेशनमा लुकाउन सकेन । ओलीले भने, 'मैले रेल चलाउने कुरा गर्दा मानिसहरु हासिरहेका थिए । हामीले रेल बनाउन लगायौँ, किनेर ल्यायौँ र चलायौँ पनि ।' उनले एमाले नेतृत्वको सरकारले रेल चलाएको भनी कार्यकर्ताले जनतामा प्रचार गर्नुपर्ने आशयले बोलिरहँदा कार्यकर्ता दीर्घामा बसिरहेकी पर्साकी एक महिला कार्यकर्ता भन्दै थिइन्, 'रेल त चलाउनुभयो, पानीजहाज कहिले चलाउनुहुन्छ ?' मञ्चबाट अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गरिरहेका पार्टी अध्यक्ष ओलीले कार्यकर्ता दीर्घाबाट उठेको ती प्रतिप्रश्न सुनेनन् या सुन्न चाहेनन्, तर अन्य कार्यकर्ता पानीजहाजको कुरा सुनेर गलल हासेका थिए । मधेश आन्दोलनको समयमा मधेशविरोधी अभिव्यक्ति दिएर पहाडी समुदायको मन जितेर ठूलो बनिरहँदा उनलाई मधेश निषेध गरिएको थियो ।

मधेशमा निषेध हुँदा पनि उनले जबर्जस्त मेचीकाली अभियान चलाएर मधेश प्रदेश छिरे र उनकै कारण सप्तरीमा ठूलै घटना भयो । जसको पीडा अहिले पनि मधेशवासीलाई छदैँछ । नेकपा एमालेका अध्यक्ष केपी ओलीले ठूल्ठूला भाषण गरेर मधेशको मन जित्नु भन्दा असाध्य पीडा दिएका मधेशका लागि केही गरे उचित हुन्थ्यो र मधेशवासीले पनि उनलाई पत्याउन सुरु गर्थे । प्रदेशसभाको निर्वाचनमा नेकपा एमाले एक नम्बर बन्नुको मुख्य कारण मधेशवादी दलको आपसी बैइमनस्यताले भएको हो । तर अहिले स्थिति यस्तो छैन, जनमत पार्टीले आफनो छवि बनाउँदै गएको अवस्थामा यसपालि एमालेलाई मधेश कब्जा गर्न गाह्रै पर्ला तर पनि एमालेले आफ्नो छवि सुधार गर्नका लागि मधेशप्रतिको भावनामा परिवर्तनका साथै मधेशी अनुहारलाई एमालेको केन्द्रीय तहमा राखेर मधेशी मन जित्नुपर्ने आवश्यकता छ । नेकपा एमालेले पहिलोपटक मधेश प्रदेश अधिवेशन गरिरहेको छ, यसमा पनि विभेदरहित बनाएर पक्षविपक्षविहीन कार्यसमिति चयन गरे नेकपा एमाले मधेशप्रति उत्तरदायी बनेको बुझ्न सकिने ठम्याइ छ ।

अन्यथा मधेशमा आएर चर्का कुरा गरेका भरमा मधेशवादी दलहरुको त दिन सकिएको संकेत मधेशले दिइरहेका छन् भने मधेशविरोधी कुरा गरेर सत्तामा पुगेका र मधेशका जनतालाई हेलोहोचो गर्न खप्पिस ओलीका ठूला बोलीले मात्रै मधेशमा एमालेको दाल गल्नेवाला छैन । नेता कार्यकर्ता विभक्त भएका छन् । विभक्त एमालेलाई सग्लो बनाउने काममा पनि एमालेले मेहनत गर्न सकेको छैन । फगत मीठा या ठूला कुरा गरेका भरमा अब मधेशका जनता सोझा छैनन् कि, नेताकार्यकर्ताले देखाएको र दिएको ललिपपका भरमा कुनै दललाई ठूलो र सानो बनाउन लाग्नेछन् । विवेकका कार्यकर्ता, मतदाता र जनता अब मधेशमा पनि पाइ पाइ हिसाब गरेर मत दिनसक्ने भएका छन् ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

| जनकपुर-जयनगर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जनकपुर | जयनगर |
| पहिलो | ८:३५ बजे | १०:०० बजे |
| दोस्रो | ११:३० बजे | १२:५५ बजे |
| तेस्रो | १६:३० बजे | १७:५५ बजे |

| जयनगर-जनकपुर रेलसेवा | | |
|---|---|---|
| सिफ्ट | जयनगर | जनकपुर |
| पहिलो | ०८:३० बजे | ०९:५५ बजे |
| दोस्रो | १५:०० बजे | १६:२५ बजे |
| तेस्रो | १८:०० बजे | १९:१२ बजे |

# मिथिलामा शक्ति आराधना र विजया दशमी



वीरेन्द्र रमण

दशैंको सुरुवातसंगै हिन्दु धर्माबलम्बी शक्ति आराधनामा तल्लिन हुन्छन् । तर मिथिलामा यसको आफनो अलग्गै विशिष्ठ महत्व रहेको छ । मिथिलामा जतातत्तै शक्तिको केन्द्र छन् । उपासनाको पद्धति अनुसार आराधना समेत गरिने परिपाटी देखिएको छ । मिथिलामा शक्ति उपासनाको आफनो विशिष्टता छ । खास गरेर मिथिलामा शक्तिको उपासना धेरै प्रकारले समेत भएको ईतिहास रहेको छ । खास गरेर कतै तन्त्र विद्याको मार्फत शक्तिको उपासना गरिएको छ भने कतै साधारण भक्ति मार्फत समेत उपासना गरिएको छ । शक्ति उपासनाको सबै भन्दा ठुलो ग्रन्थको रुपमा दुर्गा सप्तशतीलाई लिने गरिन्छ । मूल ग्रन्थ ऋग्वेदमा एकातिर परमतत्वको पुरुष स्वरूपको पूजा गरिएको छ भने अर्कोतर्फ स्त्री स्वरूपको पनि पूजा गरिएको छ । शक्ति उपासनाको मूल आधार प्राचीन ग्रन्थ ऋग्वेदको व्याव पृथ्वीको अवधारणा हो, जसमा पृथ्वीलाई नारी र आकाशलाई पुरुष मानिएको छ । यी दुईको पहिचान ऋग्वेदमा धेरै पटक चर्चा गरिएको छ । उनीहरूलाई धेरै सूत्रहरूमा जोडीको रूपमा बोलाइएको छ, जसमा उनीहरूलाई आमाबाबु भनिएको छ ।

आर्यहरूको एक वर्गले पितृसत्ताको खोज र पूजा गरेको छ भने अर्को वर्गले मातृसत्ताको खोजी गरी यसको पूजा र महत्वको मार्ग संकेत गरेको छ । मनुले हजार बुबाको भन्दा एउटी आमाको अभिमान स्वीकार गरेका छन् । देवी माताप्रति आर्य जातिको यही आस्थाले शक्तिपूजाको जन्म भयो । यही भावनाबाट प्रेरित भएर ऋग्वैदिक कालमा देवताहरूको पूजासँगै देवी–देवताको पूजा गर्ने संकेतहरू पनि छन् ।

ऋग्वेदमा पृथ्वी, रात्रि, वाक, सरस्वती, पुरन्ध्री, धिष्ण, इडा, वृहद्वीव, राका, सिनिवाली, प्रष्णी, शरण्यु, इन्द्राणी, वरुणानी, अग्निय, रुद्राणी, अश्विनी र श्रद्धा आदि देवीहरूको उल्लेख छ । ऋग्वेदको दशौं अध्यायको एक भजनमा उनलाई वाक्की देवीको रूपमा प्रशंसा गरिएको छ । यसमा देवीको महिमाको वर्णन गरिएको छ । तदनुसार, वाणी सबै दैवी शक्तिहरूको मूल हो । धर्मसूत्रमा पनि शक्ति तत्वलाई स्वीकार गरिएको छ । धर्मसूत्रहरू जस्तै गृह्यसूत्रहरूमा पनि शिवकी पत्नीको उल्लेख छ । गृह्यसूत्रमा शिवको आराधनाका साथसाथै देवीको पूजा गर्ने विधि पनि वर्णन गरिएको छ ।



मिथिलामा आदिकाल देखि नै शक्तिको उपासपना गरिने गरिएको छ । मिथिलामा रहेको विभिन्न शक्ति स्थानहरुलाई हेरेर त्यहाँ रहेको शक्ति केन्द्रहरुलाई हेर्दा थाहा हुन्छ । खास गरेर विभिन्न शक्तिको स्थलहरुमा सबै भन्दा निकै प्राचीन मिथिलामा नै रहेको पाइन्छ । अहिलेपनि मिथिलामा घर घरमा दशैंको सुरुवातसंगै कलश स्थापना गरेर दुर्गापाठ गरि शक्तिको अराधना गरिन्छ । हरेक राजाहरुले आफनो शक्तिको अराधना गर्न उपासनाको पद्धति मानेका थिए । यसमा उनलाई पहिलो पटक दुर्गा नाम दिइएको छ । अर्को तर्फ बडा दशैंलाई यसको उसापनाको सबै भन्दा महित्वपुर्ण दिनको रुपमा मानिएको छ । यसमा देवि दुर्गाको नौ रुपमा उपासना गरिएको छ ।

माता दुर्गाका नौ रुपको ध्यान गर्नाले सबै मनोकामना पूरा हुन्छ । दुर्गा पूजाको समयमा, माता देवीका यी रूपहरूलाई भक्तिपूर्वक पूजा गरिन्छ:

१ शैलपुत्री – पहिलो रूपमा, माता देवी हिमालय राजा हिमालयकी छोरी पार्वतीको रूपमा अवस्थित छ । नन्दी नामको गोरुमा सवार शैलपुत्रीको दाहिने हातमा त्रिशूल र देब्रे हातमा कमलको फूल छ ।

शैलराज हिमालयकी छोरी भएकाले उनलाई शैलपुत्री भनियो । तिनीहरू सबै जंगली जनावरहरूको संरक्षक मानिन्छन् । दुर्गम स्थानमा रहेका वस्तीमा त्यो स्थान सुरक्षित रहोस् भनेर पहिले शैलपुत्रीको मन्दिर स्थापना गरिन्छ ।

२. ब्रह्मचारिणी– दोस्रो दुर्गा ब्रह्मचारिणी लाई सबै ज्ञानको जान्ने मानिन्छ । यिनको आराधना गर्नाले तपस्या, त्याग, त्याग, सदाचार र संयम जस्ता अनन्त फल तथा गुणहरू प्राप्त हुन्छन् । ब्रह्मचारिणी भनेको तपस्या गर्ने शक्ति हो । दाहिने हातमा अष्टदलको माला र देब्रे हातमा कमण्डल धारण गरी सेतो वस्त्र लगाएर यो रूपमा सजिएको छ । पूर्वजन्ममा देवी ब्रह्मचारिणी पार्वतीको रूपमा थिइन् भनिन्छ । भगवान शिवलाई प्राप्त गर्नका लागि उनले एक हजार वर्षसम्म फलफूल मात्र खाएर बाँचिन् र रुखबाट झरेका पातहरू मात्र खाएर तीन हजार वर्षसम्म शिवको तपस्या गरिन् । उनको कठोर तपस्याका कारण उनलाई ब्रह्मचारिणी भनियो ।

३. चन्द्रघण्टा– शक्तिको रूपमा विराजमान चन्द्रघण्टाले आफ्नो शिरमा घडी आकारको चन्द्रमा लगाएकी छिन् । देवीको यो तेस्रो रूपले भक्तहरूको कल्याण गराउँछ । उनलाई ज्ञानकी देवी पनि मानिन्छ । बाघमा सवार माता चन्द्रघण्टा चारैतिर अचम्मको चमकले देखिएकी छिन् । उनीहरुको शरीरको रंग सुनजस्तै चम्किलो छ । उनको तीन आँखा र दस हात छन् । उनका दश हातमा कमल, धनुष, बाण, कमण्डल, तरवार, त्रिशूल र गदा जस्ता हतियार छन् ।घाँटीमा सेतो फूलको माला र माथि रत्नले जडित मुकुट । यसले भक्तजनहरूमा दीर्घायु, स्वास्थ्य, सुख र समृद्धिको आशीर्वाद दिन्छ । भनिन्छ कि उनी सधैं दुष्टलाई मार्न तयार छिन् र युद्ध अघि उनको घण्टीको आवाज राक्षसहरूलाई डराउन पर्याप्त छ ।

४. कुष्माण्डा– चौथो रूपमा देवी कुष्माण्डाले भक्तहरूलाई रोग, शोक र विनाशबाट मुक्त गरी जीवन, कीर्ति, बल र बुद्धि प्रदान गर्नुहुन्छ । उनी बाघमा सवार हुने र शिरमा रत्नले जडित सुनको मुकुट लगाएकी चम्किलो आठ हातधारी दुर्गा हुन । उनको हातमा कमण्डल, कलश, कमल, सुदर्शन चक्र, गदा, धनुष, बाण र अक्षरमाला छ । उनको कोमल मुस्कान र हाँसोले ब्रह्माण्ड सृष्टि गरेको कारण उनको नाम कुष्माण्डा राखिएको हो । भनिन्छ, जब संसार थिएन, चारैतिर अन्धकार मात्र थियो । यस्तो अवस्थामा देवीले आफ्नो हल्का हाँसोले ब्रह्माण्ड सृष्टि गर्नुभयो । उनी सूर्यको घेरामा बस्छिन् । घामको चर्को सहन सक्ने शक्ति मात्र छ । यसले जीवनको शक्ति प्रदान गर्छ भन्ने विश्वास गरिन्छ ।

५. स्कन्दमाता– भगवान स्कन्द (कार्तिकेय) को माता भएकोले, देवीको यो पाँचौं रूप स्कन्दमाता भनेर चिनिन्छ । यस रूपमा उनी कमलको आसनमा विराजमान छिन्, त्यसैले उनलाई पद्मासन देवी पनि भनिन्छ । उनको वाहन पनि सिंह हो । उनलाई कल्याणकारी शक्तिको प्रमुख देवता भनिन्छ । उनले दुवै हातमा कमलको फूल समातेका छन् र एउटा हातले ब्रह्माको रूपमा सनतकुमारलाई काखमा समातेका छन् ।माता स्कन्दको काखमा, उनको सूक्ष्म रूप छ मुखी देवीको रूपमा छ । त्यसैले पूजामा छ वटा माटोको मूर्ति सजाउनु आवश्यक मानिन्छ ।

६. कात्यायनी– यो दुर्गा महर्षि कात्यायनको आश्रममा देवता र ऋषिहरूको काम प्रमाणित गर्न प्रकट भएको थियो । छोरी भएकाले उनको नाम कात्यायनी राखियो । देवी कात्यायनी दानव र पापी प्राणीहरूको संहारक हुन् । उनले आफ्नो शक्तिले ऋषिहरूलाई त्रास दिने राक्षसहरूलाई नष्ट गरिन् । उनी चार हात र सजाइएको आभासहित सिंहमा सवार देवी हुन् । उनको देब्रे हातमा कमल र तरवार र दाहिने हातमा स्वस्तिक र आशीर्वादको सिक्का छ ।

७. कालरात्रि– देवीको सातौं रूप देख्न पक्कै डरलाग्दो छ, तर यसले सधैं शुभ फल दिन्छ । उनीहरुलाई 'शुभङ्करी' पनि भनिन्छ । 'कालरात्रि' ले शत्रु र दुष्टलाई मात्र मार्छ । उनी कालो रंग, फैलिएको कपाल र चार हात भएको दुर्गा हुन् । यस चरित्र र भेषमा अर्धनारीश्वर शिवको ताण्डवमुडामा देखिन्छन् । तिनीहरूको आँखाबाट आगोको वर्षा हुन्छ ।एक हातले शत्रुको घाँटी धारण गर्ने र अर्को हातमा तरवार लिएर नाश गर्ने कालरात्रि महान् रूपमा विराजमान छिन् । उनको वाहन गधर्व अर्थात् गधा हो, जसलाई सबै प्राणीहरूमा सबैभन्दा मेहनती मानिन्छ ।

८. महागौरी– नवरात्रीको आठौं दिन महागौरीको पूजा गरिन्छ । यसबाट सबै पाप धोइन्छ। देवीले कठोर तपस्या गरेर गौर वर्ण प्राप्त गरेकी थिइन् । जन्मको समयमा आठ वर्षकी भएकी उनको नवरात्रीको आठौं दिन पूजा गरिन्छ । भक्तजनका लागि अन्नपूर्णा स्वरूप भएकाले अष्टमीका दिन कन्याको पूजा गर्ने चलन छ । उनी धन, महिमा र सुख र शान्तिकी अधिष्ठात्री देवी हुन् । तिनीहरूको रूप उज्यालो, मुलायम, सेतो रङ र सेतो लुगा लगाएको छ । उनको एक हातमा त्रिशूल र अर्को हातमा डमरु छ ।गायन र संगीतमा रमाउने महागौरी सेतो गोरुमा सवार छिन् ।

९. सिद्धिदात्री– नवौं शक्ति 'सिद्धिदात्री' सबै सिद्धिहरू प्रदान गर्ने हो । उहाँको पूजा गर्नाले भक्तहरुको सबै मनोकामना पूरा हुन्छ । कमलको आसनमा विराजमान देवीले हातमा कमल, शंख, गदा र सुदर्शन चक्र लिएकी छिन् । पूजा गरेर भक्तहरूले कीर्ति, शक्ति र धन प्राप्त गर्छन् । सिद्धिदात्रीको पुजाका लागि नवाहन प्रसाद, नवरस युक्त भोजन र नौ प्रकारका फलफूल आदि चढाउनुपर्छ ।यसरी नवरात्रिको समापन गर्ने भक्तहरूले धर्म, अर्थ, काम र मोक्ष प्राप्त गर्छन् । सिद्धिदात्री देवी सरस्वतीको रूप पनि हो, जसले आफ्नो महान् ज्ञान र सेतो वस्त्रले सजिएको मधुर वाणीले भक्तहरूलाई सम्मोहित गर्छिन् ।

दुर्गा सप्तशतीमा पहिलो पटक उनको शक्ति स्वरूपको पूजा गरिएको छ, जसमा नारीत्वको महिमा वर्णन गरिएको छ । विष्णु र रुद्रको क्रोधबाट दुर्गाको उत्पत्ति भयो । देवीको शरीरमा सबै देवताहरूको वास हुन्छ । देवी उग्रतारा, प्रज्ञापारमिता र बौद्ध सिद्ध र तान्त्रिकहरूको महामुद्रामा देवी दुर्गालाई शक्तिको रूपमा कल्पना गरिएको छ । नवरात्रिको यो पर्व विशेष गरी माँ दुर्गाको नामले बोलाइने आदि शक्तिको पूजाको लागि हो । दुर्गा शक्तिकी प्रमुख देवी हुन् । यसलाई नकार्न सकिँदैन । चैत्र र शारद महिनाका नौ दिन, जसलाई नवरात्रि भनिन्छ, शक्ति उपासनाको विशेष पर्व मानिन्छ । सत्य यो हो कि नवरात्रि देवी दुर्गाको शक्ति स्वरूपको पूजा गर्ने पर्व हो । वास्तवमा यो पूजा आसुरी प्रवृत्तिमाथिको विजयको सम्झनामा गरिन्छ । त्यसैले आज जे भइरहेको छ, त्यसलाई सम्बोधन गर्ने जिम्मेवारी पुरुषको मात्रै होइन, यो सङ्क्रमणकालमा महिलाहरू पनि आफ्नो पहिचान जोगाउन र समाजको मुक्तिको लागि लडाइँमा उभिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
मान तथा पद पाइएला, धार्मिक तथा सामाजिक कार्यहरु सम्पन्न होलान ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
धनधान्यको वृद्धि होला, मित्र तथा शुभचिन्तकको सहयोगले काम कार्यमा सफलता होला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
छोराछोरीको प्रगतिबाट प्रसंशा मिल्ला, मान्यजनको सहयोग सद्भाव पाउनाले आत्मबल निकै बढ्नेछ,।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
कृषि कार्य तथा ब्यबसायबाट निकै लाभ होला, समग्रमा आजको दिन राम्रै मान्नपर्छ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
काम कार्यमा ढिलाई होला, मानसिक अशान्ति तथा फजुल खर्च होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
राज्यसम्बन्धी काममा भने केहि प्रतिकुल हुनसक्छ । सामाजिक तथा परोपकार सम्बन्धी कार्यहरु गरिएला।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन अध्ययन अध्यापन तथा धार्मिक कार्यहरु सफल होलान ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
स्वास्थ्यमा सुधार आउनेछ, बैबाहिक तथा भोजमा सहभागी भइएला ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
इस्टमित्रबाट धोका पाइनेछ, अध्ययन अध्यापनमा पनि बाधा आइपर्ला।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
माता तथा मावलितर्फबाट विशेष सहयोग पाइनेछ, काम कार्यमा सफलता तथा सुख प्राप्त हुनेछ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
शत्रुहरु गुप्तरूपले सक्रिय रहलान, बिनाकारण अपजस पाइएला । ब्यर्थ भ्रमण तथा व्यापार ब्यबसायमा नोक्सान होला।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आजको दिन पत्नी आज्ञाकारी हुनेछिन, दैनिक जीवनका कार्यहरु सुधार हुदै जालान ।

# नियमित औषधीले नियन्त्रण हुन्छ बाथरोग



**शरद् शर्मा**
**काठमाडौँ ।**
आज नेपालसहित विश्वभर विश्व बाथरोग दिवस मनाइँदै छ । यस वर्ष 'जीवनका हरेक चरणमा आरएमडी (¥युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज) सँगै बाँच्ने' भन्ने नाराका साथ दिवस मनाइँदैछ । ¥युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज हाडजोर्नी र मांसपेशी दुख्ने समस्या हो । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) र इन्टरनेसनल ¥युम्याटोलोजी लिग (आइलार) को संयुक्त अध्ययनले जनसङ्ख्याको ३० प्रतिशतमा ¥युम्याटिक एण्ड मस्कुलोस्केलेटल डिजिज (हाडजोर्नी र मांसपेशी दुख्ने रोग) को समस्या हुने गरेको देखाएको छ । त्यसमध्ये १५ देखि २० प्रतिशतमा कम्मर तथा ढाड दुख्ने र घुँडा दुख्ने समस्या देखिएको अध्ययनले देखाएको छ । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका मेडिसिन विभागका प्रमुख डा बुद्धि पौड्यालले बाथरोग विभिन्न रोगको सँगालो रहेकोले नियमित औषधि सेवन गरेर यसलाई नियन्त्रण गर्न सकिने बताउँछन् । 'बाथरोग दीर्घरोग हो । यो औषधि खाएपछि निको हुँदैन । जीवनप्रयन्त रोग जान्छ तर नियमति औषधि खाएपछि नियन्त्रण गर्न सकिन्छ', उनले भने, 'त्यसैले बाथरोगलाई नियन्त्रण गर्न सकिन्छ । तर सधैँ यो रोग देखिइरहन्छ ।' उनले वंशाणुगत र वातावरणीय प्रवाहले बाथरोग लाग्ने बताउँछन् । धुँलो धुवाँ, चुरोट खाने, मदिरा सेवन, युरिक एसिड हुने खानेकुरा (माछा, मासु र बढी चिल्लो पदार्थ बढी खादा), पखाला लाग्दा, बढी तौल भएको, दाँतको समस्या, फोक्सोका रोगले गर्दा बाथरोग लाग्ने गर्दछ । बाथरोग हरेक उमेर समूहका लागि हुने गरेको उनी बताउँछन् ।

पाँचदेखि १५ बर्ष उमेरसमूहकालाई मुटुको बाथज्वरो बढी हुने गर्दछ । नेपालमा दुई वटा बाथरोग बढी देखिने गरेको छ । त्यसमध्ये हाडजोर्नी खिइने रोग र आम बाथरोग हुन् । तीमध्ये आमवाथ कडा खालको बाथरोग हो भने हाडजोर्नीवाला बूढेसकालमा बढी हुने गर्दछ । बाथरोग विशेषज्ञ डा पौड्यालले आमबाथ रोग बढी महिलालाई हुने गर्दछ । उनका अनुसार दुई तिहाइ महिला र एक तिहाइ पुरुषलाई आमबाथ रोग लाग्ने गरेको छ । उनले ४० वर्षभन्दा माथिका महिलालाई आमबाथ रोग सुरुमा हाडजोर्नी दुख्ने, सुन्निन, बिहान उठ्दा शरीर कक्रक्क पर्ने, मुठ्ठी खोल्न र पार्न गा¥हो हुने समस्या हुने गरेको छ । त्यसपछि बाथरोग कडा हुन थालेपछि ज्वरो आउने, शरीर दुख्ने, खान मन नलाग्ने, तौल घट्ने गर्दछ । त्यसपछि बाथरोगले फोक्सो, आँखा, मुटुमा असर गर्दछ । बाथरोग विशेषज्ञ डा पौड्यालले समयमा औषधि खाएन भने कालान्तरमा हातखुट्टाका जोर्नी बाङ्गो हुने, काम गर्न नसक्नेजस्ता समस्या हुने गर्दछ । नेपालमा पनि नेसनल बाथरोग सेन्टरले सन् २०२१ मा पाँच हजार जनसङ्ख्यामा गरेको अध्ययनले २६ दशमलव ८ प्रतिशत मानिसमा वाथलगायत हाडजोर्नी तथा मांसपेशी दुख्ने समस्या देखाएको छ । सेन्टरले काठमाडौँ, भक्तपुर, ललितपुर, धादिङ, काभ्रे, मकवानपुर, मुस्ताङमा बाथरोगसम्बन्धी अध्ययन गरेको थियो । सेन्टरले विगत १० वर्षदेखि काठमाडौँको रातोपुलगायत देशका आठ ठाउँ (ललितपुको पुल्चोक, भक्तपुरको टेखापुखु, मुस्ताङचोक पोखरा, झापाको शनिश्चरे रोड, बुटवलको सुख्खा नगर, दाङको तुलसीपुर र चितवनको भरतपुर) मा बाथरोग सेन्टर सञ्चालन गरेर बाथरोगको प्रभावकारी उपचार सेवा उपलब्ध गराउँदै आएको सेन्टरका प्रबन्ध निर्देशक रोशन कक्षपतिले बताए । उनका अनुसार नेपालमा करिब ८० लाख बाथरोगका बिरामी रहेको अनुमान गरिएको छ । त्यसमध्ये १० प्रतिशत जनसङ्ख्या मात्र सही उपचारको पहँुचभित्र रहेका छन् । दिवसकै अवसरमा नेशनल बाथरोग सेन्टरले बाथरोगबारे जनतामा चेतना बढाउने, बाथरोगको समयमै पहिचान गर्ने र बाथरोगको जटिलतालाई रोकथाम गर्ने उद्देश्यले राजधानीका कोटेश्वर, मङ्गलबजार, जाउलाखेल, वसन्तपुर, स्वयम्भु, महाराजगञ्ज, बौद्ध र सिफलमा शरीरका विभिन्न भागमा लाग्ने बाथसम्बन्धी फोटो प्रदर्शनी र मोटरसाइकल ¥यालीको आयोजना गरेको छ । ती स्थानमा बिहान ९ देखि बेलुका ६ बजेसम्म फोटो प्रदर्शनी हुनेछ । हातका औँला दुख्ने वा सुन्निने, बिहान उठ्ने बेला हात, खुट्टा वा जिउ कक्रक्क पर्ने, खुट्टाको बुढी आँेला वरिपरि रातो भएर टेक्न नहुने, गोलीगाँठो दुख्ने र सुन्निने, राति तथा बिहान ढाड दुख्ने, बिहान ढाड दुख्ने, घुँडा दुख्ने र सुन्निने बाथरोगका लक्षण हुन् । त्यसैगरी बाथरोग भएका मानिसलाई कुर्कुचा दुख्ने (प्रायः बिहान उठ्ने बेला), पाइताला पोल्ने (प्रायः रातिको समयमा) वा झम्झमाउने, पिडौँला दुख्ने वा करकर खाने, जिउ गल्ने र छिटो छिटो थकान हुने, मासंपेशी कमजोर हुने, छालामा डाबर अथवा निको नहुने घाउ आइरहने, बारम्बार आँखा रातो हुने तथा दुख्ने, चिसोमा काम गर्दा हात खुट्टा नीलो हुनेजस्ता लक्षण पनि देखिने गर्दछन् ।

# विश्व दृष्टि दिवसः अन्धोपन निवारण गर्न ग्रामीण क्षेत्रमा उपचार सेवा विस्तार गर्नुपर्ने

**रासस**
**चितवन ।**
नेपालमा अन्धोपन निवारण गर्न ग्रामीण क्षेत्रसम्म आँखा उपचारको पहुँच पु¥याउनुपर्ने भएको छ । आँखा उपचार क्षेत्रमा क्रियाशील विज्ञको भनाइमा सहरी क्षेत्रमा चिकित्सक र सुविधा सम्पन्न अस्पताल भए पनि अन्धोपन बढी सङ्ख्यामा ग्रामीण क्षेत्रमा रहेको छ । भरतपुर आँखा अस्पतालका कम्युनिटी अप्थाल्मोलोजिष्ट प्रा डा सोनु दुलाल सहरी क्षेत्रमा राम्रा अस्पताल र चिकित्सक भएका तर धेरैजसो आँखाको समस्या दूरदराजको ग्रामीण क्षेत्रमा रहेको बताउँछन् । उनी भन्छन्, 'नेपालमा डाक्टर हुनुहुन्छ, उहाँहरु सहरमै बस्नुहुन्छ, सहरमै अस्पताल बन्छ । आँखाको सेवा लिनुपर्ने जनसमुदाय सहरबाट टाढा दूरजराजमा बस्नुहुन्छ ।' नेपालको मात्रै नभएर संसारमै यही अवस्था रहेको उनको भनाइ छ । आँखाको विषय त्यति जटिल नलागे पनि अन्धोपनको समस्या विकराल रहेको भन्दै उनले धेरैजसो देशमा सरकारले आँखाको उपचार सेवा दिन नसक्ने अवस्था रहेको बताए । उनले भने, 'जुन रोगबाट मानिसको तुरुन्त मृत्यु हुन्छ, त्यस्ता रोगको उपचारमा सरकारको प्राथमिकता हुँदोरहेछ । त्यसैले सरकारले आँखाको उपचारमा ध्यान दिन सक्दा रहेनछन् ।' गैरसरकारी संस्थाले नै आँखा उपचार सेवा समुदायसम्म पु¥याउने चलन धेरै देशमा रहेको उनको भनाइ छ ।



उनले भने, 'नेपालमा पनि यही नै चलन छ ।' विश्वस्वास्थ्य सङ्गठनले जारी गरेको तथ्याङ्क उद्धृत गर्दै उनले भने, 'विश्वमा दुई अर्ब २० करोड मानिसलाई आँखाको समस्या छ, त्यसको आधा अर्थात् एक अर्ब १० करोड मानिस आँखा उपचार सेवाबाट बञ्चित छन् ।' उनले अगाडि थपे, 'उनीहरु उपचारको पहुँचबाट टाढा छन् । यिनीहरुमध्ये पनि ५० वर्षभन्दा बढी उमेरका व्यक्तिमा समस्या बढी छ । समस्या भएकामध्ये ५० वर्षभन्दा माथिका ६५ प्रतिशत छन् ।' नेपालमा नेपाल नेत्रज्योति सङ्घ स्थापनाकालदेखि नै आँखा उपचारको सेवा दिँदै आएको भन्दै उनले अहिले नेपाल नेत्रज्योति सङ्घअन्तर्गत देशभरमा २८ वटा अस्पताल र एक सय ६० भन्दाबढी आँखा उपचार केन्द्र रहेको जानकारी दिए । ती अस्पताल र आँखा उपचार केन्द्रमार्फत समुदायमा गएर आँखा उपचार सेवा दिँदै आएको उनले बताए । नेपालमा आँखा रोग विशेषज्ञको सङ्ख्या राम्रो उत्पादन भएको भन्दै प्रा डा दुलालले भारतमा भन्दा नेपालमा नेत्र रोग विशेषज्ञ सङ्ख्या राम्रो रहेको बताए । उनले भने, 'नेपालमा एक लाख जनसङ्ख्यामा एक जनाभन्दा बढी अर्थात् एक लाख जनसङ्ख्यामा १.२ डाक्टरको अनुपात (रेसियो) छ । भारतमा एक लाख जनसङ्ख्यालाई एक जना नेत्ररोग विशेषज्ञको मात्र व्यवस्था छ ।' अन्धोपनको प्रमुख कारण मोतियाविन्दु भएको भन्दै प्रा डा दुलालले भने, 'मोतियाविन्दु हामीले नेपालभरिमा शल्यक्रिया ग¥यौं भने अब सिद्धियो भन्ने हुँदैन । अर्को वर्ष नयाँ मोतियाविन्दुका बिरामी भेटिन्छन् ।' सहर र आसपासमा हुनेहरु अलिअलि मोतियाविन्दु हुँदा नै उपचार पहुँचमा हुने भन्दै उनले भने, 'जो मानिस ग्रामीण इलाका छन् । उनीहरुको आँखा एकदमै कमजोर हुँदा पनि उपचारका लागि जान सक्दैन ।' अन्धोपन निवारणका लागिराज्यले नै स्वामित्व लिनुपर्ने प्रा डा दुलालले सरकारले सहजीकरण गरिदिनुपर्ने बताए । उनले भने, 'अस्पताल खोल्न चाहनेलाई प्रोत्साह गर्नुपर्छ । सरकारी नीतिनियम असहज छन्, तिनीहरुलाई सहज बनाइ दिनुपर्छ ।' अस्पतालले पनि समुदायमा जाने काम गर्नुपर्नेमा उनले जोड दिए । नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्दले ग्रामीण क्षेत्रमा शिविरमार्फत आँखा उपचार सेवा दिँदै आएको बताए । आँखाका बिरामी गाउँमा धेरै रहेका स्वीकार गर्दै उनले सबै पालिकामा आँखा उपचार केन्द्र वा अस्पताल सञ्चालनका लागि सङ्घले काम गरिरहेको बताए । सङ्घले मात्रै वर्षमा ४० लाख बिरामीलाई सेवा दिएको उनी बताउँछन् । गत वर्ष ती बिरामीमध्ये दुई लाख ७५ हजारको शल्यक्रिया गरिएको थियो । हरेक वर्ष ग्रामीण क्षेत्रमा पुगेर तीन हजार बढी शिविर गर्ने गरिएको उनले बताए । उनले प्रत्येक वर्ष शल्यक्रियासहितको शिविरमा चार लाखलाई सेवा दिएको बताए । चालिस हजारभन्दा बढीको निःशुल्क शल्यक्रिया गरिएको उनले जानकारी दिए ।

# 'मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या धेरै'

**जनकपुरधाम ।**
धनुषाका दुई स्थानीय तहमा गरिएको एक अध्ययनले मलेसिया र खाडी मुलुकमा कार्यरत नेपालीमा मिर्गौलाको समस्या बढी हुनसक्ने देखाएको छ । बेलायतस्थित बर्नमथ विश्वविद्यालयको नेतृत्वमा धनुषा जिल्लाको लक्ष्मीनिया गाउँपालिका र छिरेश्वरनाथ नगरपालिकामा गरिएको एक अध्ययनले नेपालमै बसोबास गर्नेभन्दा खाडी मुलुक र मलेसियामा काम गरेर फर्किएका आप्रवासी नेपालीमा मिर्गौला समस्या बढी हुनसक्ने देखाएको हो । अध्ययनका क्रममा दुई वर्ष खाडीका छ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेसियामा काम गरी फर्किएका तर नेपाल फर्किएको एक वर्ष पूरा नगरेका आप्रवासी र नेपालमै रहेका नागरिकबीच तुलना गरिएकामा त्यस्तो देखिएको अनुसन्धानकर्ता टोलीमा सहभागी डा निर्मल अर्यालले जानकारी दिए । उनका अनुसार वैदेशिक रोजगारीबाट फर्किएका सात सय १८ जना (सबै पुरुष) र नेपालमै रहेका सात सय २० जना (३७० पुरुष र ३४१ महिला) स्थानीयबीच तुलना गरिएको थियो । मिर्गौलाको अवस्था जनाउने सबैभन्दा महत्वपूर्ण परीक्षण मानिने 'ग्लोमेरुलर फिल्ट्रेसन रेट'को क्षमता जाँच गरिएकामा आप्रवासीमा ५ दशमलव ८ प्रतिशत र गैरआप्रवासीमा ३ दशमलव ६ प्रतिशत कमी देखिएको डा अर्यालले जानकारी दिए । 'गैरअप्रवासीमा पनि कहिल्यै विदेश नगएका पुरुष र महिलाभन्दा पूर्वआप्रवासीमा बढी समस्या देखिएको छ । त्यसैगरी रगतमा क्रियटिनिनको औसत पनि गैरआप्रवासीभन्दा आपवासीमा बढी देखिएको छ । परीक्षणले रगतमा क्रियटिनिन भन्ने तत्वको मात्रालाई हेरी मिर्गौलाले एक मिनेटमा कति मात्रामा रगत



छान्दछ भन्ने निक्यौल गर्दछ र घट्दो दरले मिर्गौलाको कार्य क्षमतामा कमी आएको मानिन्छ । यसले पनि आप्रवासीहरूमा बढ्दो मिर्गौला समस्याको सङ्केत गर्दछ', डा अर्यालले भने । यस्तै मिर्गौला रोगको अर्को परीक्षण पिसाबमा प्रोटिनको मात्रा भने आप्रवासीभन्दा गैरआप्रवासीमा बढी देखिएको छ । खासगरी गैरआप्रवासी महिलामा यो समस्या बढी देखिएकाले यसको कारकतत्व खोज्न छुट्टै अध्ययन गर्नुपर्ने अध्ययनको निष्कर्ष छ । त्यसैगरी अध्ययनले खाडी मुलुक र मलेसियाबाट फर्किएका नेपाली आप्रवासीमा स्थानीय गैरअप्रवासीको तुलनामा उच्चरक्तचाप (आप्रवासी ३८ प्रतिशत, गैरआप्रवासी १९ दशमलव ४ प्रतिशत), मधुमेह (आप्रवासी ७४ प्रतिशत, गैरआप्रवासी ४ दशमलव ७ प्रतिशत) र बढीतौल वा मोटोपन (आप्रवासी ६७४ प्रतिशत, गैरआप्रवासी ४९ प्रतिशत) को जोखिम निकै बढी रहेको देखिएको छ । डा अर्यालका अनुसार मिर्गौलाको रोगको जोखिम उच्च भएकामा सबैभन्दा धेरै लामो समयसम्म एकै स्थानमा काम गरेका कामदार, सुरक्षा गार्ड र सवारी चालक, प्रत्यक्ष घाममा, आउटडोर, धुलो–धुवाँमा काम गर्ने कामदारमा समेत यो समस्या धेरै पाइएको छ । यस अध्ययनका सिलसिलामा रगत र पिसाबको नमूना लिइएको र त्यसपछि प्रश्नावली सोधिएको थियो । अनुसन्धान टोलीका अर्का सदस्य एवं मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरका प्रमुख डा श्रवणकुमार मिश्रका अनुसार अध्ययनमा सहभागी करिब ९० प्रतिशत कतार, साउदी अरब र मलेसियामा कार्यरत थिए भने दुई तिहाइभन्दा बढी निर्माण र उद्योग क्षेत्रमा कार्यरत थिए । त्यसैगरी सहभागी आप्रवासीले औसतमा दैनिक १० दशमलव ७ घण्टा काम गर्ने गरेको र ३० दशमलव ९ प्रतिशतले औसतमा महिनाको एकदिन पनि विदा नलिने गरेको बताएका थिए । यस्तै २४ दशमलव ८ प्रतिशतले शारीरिकरुपले भारी र लगभग आधा सहभागीले (४४ दशमलव ४ प्रतिशत) गर्मीमा काम गर्नुपरेको, करिब ९७ प्रतिशत आप्रवासी सहभागीले काम गर्ने ठाउँमा पिउने पानी र शौचालयको सुलभ सुविधा रहेको बताएको डा मिश्रले जानकारी दिए । 'आप्रवासी मात्रै होइन उहाँहरूको परिवारका सदस्य (विशेष गरी श्रीमती) मा पनि विभिन्न तनावका कारण धेरै समस्या हुनसक्ने देखिन्छ । यसर्थमा आप्रवासीमा उच्च रक्तचाप, मधुमेह र बढी तौल वा मोटोपन देखिएकाले ती देशमै यससम्बन्धी सचेतना जगाउन आवश्यक छ । त्यसका लागि नेपाली दूतावास र आप्रवासीको हकहितको लागि काम गर्ने सङ्घसंस्थाले पनि विशेष पहल गर्नुपर्छ', डा मिश्रको भनाइ छ । बर्नमथ विश्वविद्यालय र ग्रिनतारा नेपाल नामक गैरसरकारी संस्थाले बेलायतस्थित द कोल्ट फाउण्डेशनको आर्थिक सहयोगमा गरेको यस अध्ययनमा मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला, संयुक्त राष्ट्र सङ्घ अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठन (आइओएम) र बेलायतकै युनिभर्सिटी कलेज लण्डन (युसिएल) ले सहयोग गरेको जनाइएको छ । यस प्रकारको अध्ययन समुदायस्तरमा आप्रवासी नेपाली कामदार र गैरअप्रवासीबीच पहिलोपटक भएको दावी गरिएको छ । अनुसन्धानमा प्रमुख अनुसन्धानकर्ताको रुपमा डा प्रमोदराज रेग्मी (बर्नमथ विश्वविद्यालय, बेलायत) र उनको टिममा अनुसन्धानकर्ता डा निर्मल अर्याल, प्रा डा एडविन भान तेजलिन्जिन, प्रा डा अरुण सेढाइ, डा राधेश्यामकृष्ण केसी र डा श्रवणकुमार मिश्र सहभागी भएको ग्रिन तारा नेपालले जनाएको छ ।

# खोटाङ अस्पतालमा जीवन जलसमेत भेटिएनः आयोग

**रासस**
**खोटाङ ।**
राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश शाखा कार्यालय दिक्तेलले खोटाङमा गुणस्तरीय शिक्षा अभाव तथा स्वास्थ्य सेवा प्रभावकारी नभएको औल्याएको छ । मानव अधिकार आयोगले बुधबार दिक्तेलस्थित शाखा कार्यालयमा पत्रकार घेटघाट कार्यक्रमको आयोजना गरेर मानव अधिकारसम्बन्धी भए÷गरेका जिल्लाको समग्र वस्तुस्थितिका बारेमा जानकारी दिएको हो । मानव जीवनको पहिलो प्राथमिकतामा पर्ने शिक्षा र स्वास्थ्य क्षेत्रको सेवा प्रवाह खोटाङ जिल्लामा प्रभावकारी नभएको पाइएको आयोगका सदस्य मिहिर ठाकुरले जानकारी दिए । 'अनुगमनका क्रममा मङ्गलबार जिल्ला अस्पताल खोटाङ पुगेका थियौँ । त्यहाँ पुग्दा जीवनजलसमेत भेटिएन', उनले भने, 'म आफैँलाई पनि पेटसम्बन्धी समस्या थियो । आकस्मिक कक्ष पुगेर जँचाउँदा जीवनजलसमेत नरहेको अस्पतालले प्रतिक्रिया दियो । म आफैँले जीवनजल नपाउँने अस्पतालमा सामान्य नागरिकले कसरी सेवा लिइरहेका होलान् भन्ने प्रश्न उब्जिएको छ !' सदस्य ठाकुरले जिल्लामा शिक्षाको अवस्था पनि कमजोर देखिएको जानकारी दिए । 'अनुगमनका




लागि खोटाङ आउनेक्रममा बाटोमा भेटिएका तीनजना विद्यार्थीसँग हामीले कुरा ग¥यौँ । उनीहरू कक्षा–५, कक्षा–९ र कक्षा–११ मा अध्ययनरत विद्यार्थी थिए । उनीहरूलाई पालैपालो हाम्रो गाडीमा लेखिएका नारा पढ्न लगाएका थियौँ', उनले भने, 'अङ्ग्रेजीमा लेखिएका त्यो नारा कक्षा–९ र ११ का विद्यार्थीले पढ्नै जानेनन् । कक्षा–५ का विद्यार्थीले भने प्रस्ट उच्चाहरण गरे । ती तीन विद्यार्थीको उदाहरण हेर्दा खोटाङमा शिक्षाको गुणस्तर कस्तो छ भन्ने प्रस्ट हुन्छ । यसप्रति सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।' आयोगको कार्यालयले जिल्लामा देखिएको समस्याहरूको १८ बुँदा सार्वजनिक गरेको छ । कर्मचारीबाट काममा असहयोग, कार्यालय प्रमुख सरुवा छिटोछिटो हुने, रोजगारीको अभावले नागरिक र राज्यबीचको दूरीमा वृद्धि, निर्माण कम्पनीले कामदारको पारिश्रमिक नदिने गरेको, पुरुषको तुलनामा महिला बढी पीडामा रहेको, आत्महत्याका घटना वृद्धि, पादक पदार्थ सेवन, बैंक तथा वित्तीय संस्थामा उच्च ब्याजदर रहेकोलगायतका समस्या देखिएको आयोगले जनाएको छ । आयोगले जिल्लाको भौगोलिक अवस्था तथा जनताको मागलाई सम्बोधन गर्न अधिकारमुखी पद्धति अवलम्बन गर्न, कृषिमा स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्दै आयातित वस्तुलाई निरुत्साहित गर्न, व्यवसायीले उपभोक्ताको हितलाई मध्यनजर गर्नुपर्ने, सार्वजनिक सेवा प्रदायक र सेवाग्राहीबीच सुमधुर सम्बन्ध हुनुपर्ने, सरकारी निकायबाट नियमित अनुगमन हुनुपर्ने, कर्मचारीको नियत सफा हुनुपर्ने, आर्थिक अनुशासन कायम गर्न सबै कार्यालयले त्रैमासिक कार्ययोजना बनाएर सन्तुलित खर्च र सन्तुलित विकासमा जोड दिनुपर्नेलगायतका सुझाव दिएको छ । आयोगले उपभोक्ता हित संरक्षणका लागि जिल्लास्थित तीनवटै सुरक्षा निकाय, जिल्ला अस्पताल खोटाङ, स्थानीय तह, यातायात व्यवसायी सङ्घ, उद्योग वाणिज्य सङ्घ, हाटबजारलगायतको अनुगमन गर्नुका साथै सरोकारवाला निकायसँग छलफल गरिएको शाखा कार्यालय दिक्तेलका प्रमुख उपसचिव गीताकुमारी दाहालले जानकारी दिइन् । पत्रकारले जिल्लामा आयोगले कारबाहीका लागि सिफारिस गरेको मुद्दामा राज्यले चासो नदिएको पाइएको बताएका थिए ।

# दैनिक दुई सय लिटर दूध बेच्दै नोमबहादुर



**दाङ ।**
घोराही उपमहानगरपालिका–५ धर्नाका नोमबहादुर केसीले दैनिक दुई सय लिटर दूध बेच्छन् । उनी बिहानै गाउँबाट मोटरसाइकलमा दूधका क्यान झुन्ड्याएर घोराही बजारका विभिन्न ठाउँमा पुगेर दूध बेच्दै आएका छन् । उनले विसं २०७१ बाट सुरु गरेको पशुपालन व्यवसायले राम्रो आम्दानी दिएको बताए । केसीको मालति बहुउद्देश्यीय पशु तथा कृषि फार्म छ ।

विसं २०७१ अघि दुईवटा भैँसीपालन गरेर पनि उनले साइकलबाट दूध बेचेको अनुभव सुनाए । पैतालीस वर्षीय केसी तीन वर्ष घरको कमजोर आर्थिक अवस्था सुधार्ने विचारले मलेसिया रोजगारीका लागि गएका थिए । मलेसियाबाट फर्केपछि फेरि उनी रोजगारीकै लागि भारत पनि गएका थिए । त्यहाँ पनि उनले सोचे अनुसारको कमाउन सकेनन् । त्यसकारण उनीसँग वैदेशिक रोजगारीका क्रममा कैयौँ दुःख झेलेको अनुभव छ । 'विदेशमा गरिने परिश्रम नेपालमा गर्न सके सफलता प्राप्त गर्न गाह्रो छैन', उनले भने, 'विदेशमा १८ घण्टा काम गर्छौं, कमाइ भएको देख्छौँ, तर स्वदेशमा काम आठ घण्टा पनि गर्दैनौँ कमाइ धेरै खोज्छौँ, अनि जति कमाए पनि कमै देख्छौँ ।'

केसीले स्वदेशमै केही गर्नुपर्छ भनेर थालेको पशुपालन व्यवसायले आम्दानीसँगै तीन÷चार स्थानीय युवालाई रोजगारी दिएका छन् । आफनो फार्मबाट दैनिक ३० लिटर र बाँकी गाउँका अन्य किसानबाट दुध खरिद गरी बिक्री गर्छन् । उनको फार्ममा १८ भैँसी र तिनका पाडापाडी छन् । उनले केही दूध डेरी पसल र होटलमा दिन्छन् भने बाँकी घरघरमा पु¥याएर फुटकर बेच्छन् । केसी आफ्नो घरबाट निस्केपछि बाटोका चोकचोकमा किसानबाट दूध सङ्कलन गर्दै अघि बढ्छन् ।

'बिहान ३ बजे उठेर भैँसीको स्याहारसुसार गरेर अँध्यारै घरबाट निस्कन्छु, बिहान ९.३० बजेसम्म दूध बेचेर सक्छु', उनले भने । उनलाई भैँसी र तिनका पाडापाडीको स्याहारसुसार गर्ने, दुहुने र आहारा तयार गर्ने काम गर्नुपर्छ । बिहान ५ बज्दा केसी दूध बोकेर हिँडछन् । घरका अन्य सदस्यले पनि सहयोग गर्ने गरेको उनले बताए । यही कामबाट आफूले मासिक दुई लाख रुपैयाँसम्म आम्दानी गर्ने गरेको बताए । उनले प्रतिलिटर एक सय रुपैयाँमा दुध बेच्ने गरेका छन् । केसीले आफनै जग्गामा मौसमअनुसार घाँस लगाउँछन् । उनले पराल र भूस पनि आफ्नै जग्गाबाट उत्पादन गर्छन् । मोटरसाइकलमा दूधका क्यान बोकेर हिँड्दा ट्राफिक प्रहरीले समाउने गरेको उनले बताए । उनले भने, 'धेरै पटक जरिवाना तिरेको छु, मोटरसाइकलमा यसरी बोक्ने होइन, गाडी किन्न भन्छन् ।' तत्काल गाडी किन्न नसक्ने हुँदा समस्या भएको उनले बताए । किसानप्रति सम्मानको व्यवहार नभएका कारणले पनि युवा कृषिमा आकर्षित हुन नसकेको उनको भनाइ छ । उनले हालसम्म कतैबाट अनुदान नपाएको बताए । राज्यले वास्तविक किसानको हितमा काम गर्ने नीतिका साथ पशुपालक किसानलाई सहुलियत दिनुपर्ने उनको धारणा छ । वास्तविक किसानले अझै पनि अनुदान पाउन नसक्ने समस्या कायम रहेको उनले बताए । वैदेशिक रोजगारीबाट फर्केर कृषि क्षेत्रमा लागेका केसी उदाहरण पात्र मात्रै हुन् ।

# मोदी र पुटिनबीच यसै वर्ष शिखर वार्ता हुन सक्ने



**एएनआई**
**मस्को ।**
भारतीय प्रधानमन्त्री र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच यो वर्ष सकिनुअगावै शिखर वार्ता हुनसक्ने रुसका लागि भारतीय राजदूतले बताएका छन् । 'यस बारेमा छलफल भइरहेको छ, उच्चस्तरमा छलफलहरू जारी छन्', राजदूत पवन कपुरको भनाइ उद्धृत गर्दै आरआइए नोभोस्ती समाचार समितिले जनाएको छ ।

यद्यपि भारतीय कूटनीतिज्ञले थप विवरण केही उल्लेख नगरेको पनि आरआइए नोभोस्तले बताएको छ । गत साता एक कार्यक्रममा रुसी राष्ट्रपति पुटिनले भारतलाई 'शक्तिशाली मुलुक' भन्दै भारतीय प्रधानमन्त्री मोदीको नेतृत्वमा लगातार बलियो बन्दै गएको बताएका थिए ।

'एक अर्ब ५० करोडभन्दा बढी जनसङ्ख्या भएको र सात प्रतिशतभन्दा बढी आर्थिक वृद्धि हासिल गरेको भारत एउटा शक्तिशाली मुलुक हो, साथै यो प्रधानमन्त्री मोदीको नेतृत्वमा लगातार बलियो बन्दै गएको छ', आरटी न्युजले साझा गरेको भिडियोमा पुटिनले भनेका छन् ।

गत सेप्टेम्बर ९–१० मा नयाँ दिल्लीमा भएको जी–२० शिखर सम्मेलनमा रुसी राष्ट्रपति पुटिन सहभागी भएका थिएनन् । सम्मेलनमा विदेशमन्त्री सर्गेई लाभरोभले रुसी प्रतिनिधित्व गरेका थिए ।

पछिल्लो पटक सन् २०२२ सेप्टेम्बरमा उज्बेकिस्तानको समरकन्दमा भएको साङ्घाई सहयोग सङ्गठनको २२औँ बैठकका क्रममा मोदी र पुटिनबीच भेट भएको थियो । प्रधानमन्त्री मोदीले 'मलाई थाहा छ आजको युग युद्धको होइन' भन्दै युक्रेनसँगको रुसको जारी द्वन्द्व अन्त्य गर्न राष्ट्रपति पुटिनलाई आग्रह गरेका थिए ।

# अमेरिकी विदेशमन्त्री ब्लिङ्केन इजराइलमा

**एएनआई**
**तेल अविव ।**
अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केन अधिकारीहरूसहितको एक टोलीसँगै बिहीबार तेल अविव आइपुगेको इजराइलको आई२४ न्यूज इङ्गलिसले जनाएको छ । गत शनिबार हमासले आक्रमण गरेपछि इजराइल र हमासबीचको जारी द्वन्द्वका बीच उनको यो भ्रमण भएको हो । विदेशमन्त्री ब्लिङ्केनसँग रहेका अमेरिकी अधिकारीहरूमा उनका सल्लाहकार डेरेक चोलेट, उनका डेपुटी चिफ अफ स्टाप टम



सुलिभान, विदेश मन्त्रालयका प्रवक्ता माथ्यु मिलर, निकट पूर्वीमामिला सहायकमन्त्री बार्बरा लिफ, प्यालेस्टिन मामिलाका विशेष प्रतिनिधि ह्याडी आमर र बन्धक मामिलका लागि राष्ट्रपतिका उपविशेष दूत स्टिभ गिलन छन् । आफ्नो भ्रमणका क्रममा विदेशमन्त्री ब्लिङ्केनले इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहु, ब्रिगेडियर जनरल गल हिर्स्च र अन्य इजराइली अधिकारीहरूसँग बैठक गर्ने छन् । इजराइलको भ्रमण सकिएपछि उनले जोर्डनका राजा अब्दुल्लाह र प्यालेस्टिनी राष्ट्रपति मोहमुद अब्बाससँग अम्मानमा भेट गर्नेछन् ।

# व्यावसायिक तालिमले विपन्न महिलालाई बनायो आत्मनिर्भर



**रासस**
**गोरखा ।**
गोरखाको गण्डकी गाउँपालिका–२ फुलडाँडाकी सुमना सिर्मलको दैनिकी आजभोली धेरैजसो कुखुराको स्याहारसुसार र दानापानीमा बित्छ । कक्षा ५ सम्ममात्र पढेकी उनले घरसँगै जोडिएको सानो टहरामा बनाएकी कुखुरा फार्ममा बोइलर जातको कुखुरा पाल्न थालेपछि दैनिकी फेरिएको हो । थोरै जग्गा जमिन र त्यसबाट हुने उब्जनीले तीनजनाको परिवार पुग्न धौधौ हुने भएपछि सिर्मलकी श्रीमान् वैदेशिक रोजगारीमा गए । घरमा आफू पनि केही न केही आर्थिक आयआर्जनमा जोडिनुपर्छ भन्ने ठानेर व्यावसायिक कुखुरापालन तालिम लिएर उनले सानो खोर बनाएर कुखुरापालन सुरु गरिन् । अहिले त्यहीँ तालिमले उनलाई स्वरोजगार बनाएको छ । 'तालिम लिएपछि थोरै भए पनि आम्दानी हुन्छ भनेर सुरुसुरुमा खोरमा १०÷१५ वटामात्र बोइलर कुखुराको चल्ला हालेर व्यवसाय सुरु गरेँ', उनले भनिन्, 'यसबाट मासिक दुईचार हजार रुपैयाँ आम्दानी हुन थालेपछि अहिले घरमै बसेर पनि आम्दानी गर्न सकिँदोरहेछ भन्ने लागेर व्यावसायिक रुपमा कुखुरापालन गरिरहेको छ, यसले राम्रो आम्दानी दिएको छ ।' व्यावसायिक रुपमा कुखुरापालन तालिम लिएर कुखुरा पाल्न थालेपछि घरमै बसेर पनि वार्षिकरुपमा करिब एक लाख ८० हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेको सिर्मलले बताइन् । 'अहिले ७० वटा जति कुखुरा हालेको छु', उनले भने, 'पैतालिस दिन जतिमा बेच्न हुन्छ त्यसले दैनिक घरखर्च चलाउन मलाई श्रीमान्ले विदेशबाट पैसा पठाउनु परेको छैन ।'

विपन्न तथा सीमान्तकृत महिलाका आयआर्जन वृद्धिका लागि गण्डकी गाउँपालकाको समन्वय, युएसएआइडीको आर्थिक सहायोग र नेपाल महिला दलित उत्थान स्ङ्घ (एडवान) को आयोजनामा सञ्चालित तालिम लिएपछि व्यावसायिक कुखुरापालन गरेर आफैँले कमाएर घरखर्च चलाउन सक्नुपर्छ भन्ने लागेर कुखुरा पालन सुरु गरेको उनको भनाइ छ । 'तालिम लिएपछि सानो भए पनि केही न केही आर्थिक आयआर्जन हुने व्यवसाय गनुपर्दो रहेछ भन्ने लाग्यो, सिर्मलले भनिन्, 'सानोबाट सुरु गरेर विस्तारै बढाउँदै लैजान सकिन्छ भनेर १५÷२० वटाबाट सुरु गरेर अहिले ७० वटासम्म पाल्ने गरेको छु ।'

व्यवसाय सुरु गरेसँगै दैनिकरुपमा घरखर्च टार्न पैसाको अभाव नभएको सिर्मलको भनाइ छ । 'कुखुरा नपाल्दा पैसाको अभाव हुन्थ्यो, कुखुरा पालेदेखि आफूलाई खर्च गर्ने अनि बच्चा पढाउन धेरै सजिलो भएको छ', उनले भनिन्, 'एकदुई वटा बिचबिचमा बिक्री भइरहने हुँदा समस्या छैन ।' सुरु सुरुमा डोकोमा बोकेर होटल, पसल र गाउँगाउँमा कुखुरा बेच्नु परेको दुःख सुनाउने उनले अहिले भने बिक्रीका लागि कठिनाइ नभएको बताइन् ।

'अहिले त नम्बर राख्छु, होटलले समेत सम्र्पक गरेर लैजान्छ', सिर्मलले भनिन् । व्यवसाय सुरु गरेपछि विदेशमा श्रीमान्ले कमाएका पैसा घर खर्चका लागि खर्च गर्नु नपरेको सिर्मलले बताइन् । सानै उमेरमा बिहे गरेकी उनले अरुको मेलापात गरेर जीविकोपार्जन गर्दै आएकी भए पनि अहिले भने कुखुरा पालनबाट सन्तुष्ट छिन् । कुखुराको चल्ला राख्दा खोर सफा गर्ने, औषधि खुवाउने, दाना खुवाउनेलगायतका कुरा तालिममा सिकेको उनको भनाइ छ । नपढेको भए पनि सानोसानो व्यवसाय गरेर आफ्नो आर्थिक कमजोरीलाई उकास्न सक्ने भन्दै उनले गर्न चाहे घरमै बसेर पनि थोरै थोरै आम्दानी गर्न समस्या नहुने बताए । अर्काको काम गर्दा भन्ने बित्तिकै ज्याला पाउन पनि सजिलो छैन, सिर्मलले भनिन्, 'विदेशमा दुःख गरिरहनुभएको श्रीमान्ले पनि भन्ने बित्तिकै पठाइदिनु भन्न पनि मिल्दैन, श्रीमान्लाई पिर्ने कुरा पनि भएन त्यस कारणले पैसाको अभाव हुन्थ्यो, अहिले कुखुरा पाल्न थालेपछि यसैबाट आउँछ सजिलो भएको छ ।' जङ्गलको छेउमा गुन्द्रीको ढोका हालेर जीवन गुजार्दै आएकी सिर्मलको अहिले गाउँमा चिटिक्क परेर बलियो घर छ ।

'आर्थिक अवस्था कमजोर भएकाले दुःख पनि सिकायो', उनले भनिन्, 'नपढे पनि अहिले आफ्नो खुट्टामा आफैँ उभिनसक्ने भएको छु आफैँलाई खुसी लाग्छ ।' पहिला पहिला बिहान बेलुकी छाक टार्न नै गाह्रो हुने सुमनाको परिवारमा अहिले दुईचार हजार रुपैयाँका लागि कसैकोमा धाउनु नपरेको छैन ।

## पोखराको प्याराग्लाइडिङः

# पुनः तोरीपानी क्षेत्रबाट सञ्चालनको तयारी

**रासस**
**कास्की ।**
पोखराको साहसिक पर्यटनको गन्तव्य बनेको प्याराग्लाइडिङ सराङकोटस्थित पुरानै स्थान तोरीपानी क्षेत्रबाट सञ्चालनको तयारी गरिएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै वर्षौंदेखि 'टेकअफ' हुँदै आएको स्थानबाट विस्थापित भएर पोखरा–२४ मान्द्रेढुङ्गा पुगेकामा पछिल्लो समय पूर्ववत् स्थानबाट नै सञ्चालन गर्न लागिएको हो । पोखरा प्याराग्लाइडिङ उडानका लागि उत्कृष्ट, प्राकृतिक हिसाबले मनमोहक र हावपानीका हिसाबले वर्षभरि उड्न मिल्ने हुँदा स्वदेशी एवं विदेशी पर्यटकको रोजाइको विधा बन्दै आएको छ । अहिले उडान हुँदै आएको स्थान मान्द्रेढुङ्गा र अवतरणस्थल पामे दूरीका हिसाबले पनि टाढा रहेको छ । सुरुआतदेखि नै सराङकोटबाट उडान भरेर फेवाताल किनार खपौँदीमा अवतरणको दृश्यले आन्तरिक तथा बाह्य पर्यटकलाई उत्साहित बनाउने गरेको थियो । मान्द्रेढुङ्गाबाट उडान सञ्चालन गर्दा पर्यटक आकर्षित हुन सकेका थिएनन् भने प्याराग्लाइडिङ गर्नेको सङ्ख्यासमेत घटेको छ । नेपाल हवाई खेलकुद संस्थानले मान्द्रेढुङ्गाबाट हुँदै आएको प्याराग्लाइडिङ नेपाल नागरिक उड्डयन प्राधिकरणको सहयोगमा क्षेत्र विस्तार गरी बाहाकोट र तोरीपानीबाट उडान गरी पामे क्षेत्रमा 'ल्यान्डिङ' गर्ने निर्णय भएको जनाएको छ । बुधबार पोखरामा आयोजना गरिएको २० औँ वार्षिक साधारणसभामा नागरिक उड्डयन प्राधिकरण(क्यान)का विज्ञको सहयोग लिई प्याराग्लाइडिङ उडान क्षेत्र र अवतरण क्षेत्र विस्तार गर्न लागिएको नाका अध्यक्ष सुनिल भट्टराईले बताए । क्यानले लामो प्राविधक अध्ययनपछि तोरीपानीसम्म उडानलाई क्षेत्र विस्तार गर्न सहमति दिएको उनले बताए । अध्यक्ष भट्टराईले भने, 'मान्द्रेढुङ्गा क्षेत्र विस्तार गरी बाहाकोटबाट उडानको निर्णय भइसकेको छ । एआइपी प्रकाशित भएसँगै पूर्ववत् स्थानबाट प्याराग्लाइडिङ सञ्चालन गर्छौं ।' पोखरामा दुई दशकअघिदेखि प्याराग्लाइडिङ सञ्चालन हुँदै आएको छ । पर्यटकीय सहरमा सञ्चालन भएको प्याराग्लाइडिङमा साहसिक पर्यटक आकर्षित हुँदै आएका छन् । पोखरा आउने विदेशी तथा स्वदेशी पर्यटक साहसिक गतिविधि प्याराग्लाइडिङमा रमाउने गर्दछन् । नागरिक उड्डयन प्राधिकरणका हवाई सुरक्षा विभागका प्रमुख राजु श्रेष्ठले प्याराग्लाइडिङमा सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने बताए । पोखराको पहिचानलाई देश विदेशमा स्थापित गर्न प्याराग्लाइडिङले ठूलो योगदान गरेको उनको भनाइ छ । 'आगामी दिनमा यहाँ प्याराग्लाइडिङका गतिविधि अझ वृद्धि हुँदै जाहोस् । यसलाई सुरक्षित बनाउनेतर्फ ध्यान पुग्नुपर्दछ, विकासका लागि क्यानको तर्फबाट सहयोग गर्नेछौँ' प्रमुख श्रेष्ठले भने, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले प्याराग्लाइडिङले पोखराको समृद्धिमा योगदान गरेकाले यसलाई व्यवस्थित गर्नु आवश्यक रहेको बताए । 'प्याराग्लाइडिङको राम्रोसँग नियमन, अनुगमन र व्यवस्थापन गरी पोखराको ब्राण्डका रुपमा सधैँ स्थापित गर्नु आवश्यक छ ।' उनले भने । हवाई खेलकुदको माध्यउमबाट नेपालको पर्यटन विकास र विस्तारमा सहयोग गर्ने गरी विसं २०५९ मा नेपाल हवाई खेलकुद संस्थाको स्थापना गरिएको थियो । सुरुआतमा सात वटा प्याराग्लाइडिङ व्यावसायिक कम्पनीबाट संस्था सुरु गरिएकामा हाल ६२ व्यावसायिक कम्पनी रहेका छन् । त्यसैगरी कम्पनीअन्तर्गत तीन सय ९९ प्याराग्लाइडिङ पाइलट क्रियाशील रहेको नाका निर्वतमान अध्यक्ष एवं पोखरा पर्यटन परिषद्का उपाध्यक्ष कृष्ण भण्डारीले जानकारी दिए ।

## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

# इरानविरुद्ध नेपालको फराकिलो जित



**मधेशदृष्टि**
**वीरगंज ।**
एसिसी यू–१९ प्रिमियर कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपालले इरानलाई पराजित गरेको छ । मलेसियाको बान्गीमा बिहीबार भएको खेलमा नेपालले इरानलाई दुई सय ७४ रनले पराजित गरेको हो । जितका लागि तीन सय ५४ रनको विशाल लक्ष्य पछ्याएको इरान ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७९ रनमा समेटियो । इरानका लागि आमेर खोर्सन्दले ३७ रन बनाए । उनले २२ बलमा एक चौका र पाँच छक्कासहित ३७ रन बनाएका हुन् । साबेर इब्राहिमपुर ४३ बलमा एक चौकासहित ११ रनमा नटआउट रहे । त्यसबाहेक अन्य इरानी ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

इरानलाई सस्तैमा समेट्नेक्रममा नेपालका दीपेश कँडेल र सुवास भण्डारीले समान तीन तीन विकेट लिए । त्यस्तै हेमन्त धामी र आकाश चन्दले समान दुई दुई विकेट हात परो । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै तीनसय ५३ रनको योगफल बनाएको थियो । नेपालको इनिङमा कप्तान देव खनालले शतक प्रहार गरे भने दीपक बोहरा र दीपकप्रसाद डुम्रेले अर्धशतक बनाए । तेस्रो नम्बर क्रिजमा आएका कप्तान देवले ५०औँ बल खेल्दै १२ चौका र चार छक्काको मद्दतमा एक सय रनको योगदान दिएका हुन् । त्यस्तै दीपक बोहराले ५९ बलमा ६५ रन बनाए । उनले चार चौका र दुई छक्का प्रहार गरेका थिए । पाँचौँ नम्बर क्रिजमा पुगेका दीपक डुम्रेले ४४ बलमा ६९ रन बनाए । देव र दीपकले तेस्रो विकेटका लागि एक सय ६६ रनको साझेदारी गरेका थिए । यसैगरी दीपेश कँडेलले २९, हेमन्त धामीले २३, आकाश चन्दले १९ रन तथा सुभास भण्डारीले १८ रन जोडे । इरानका दद्रहमान राइसीले र सलमान निज्मान्दले समान तीन तीन विकेट लिए भने शेखी र जियाद राइसीले समान दुई दुई विकेट लिएका थिए । अब नेपालले दोस्रो खेल यही असोज २८ गते बहराइनसँग खेल्नेछ । प्रतियोगितामा शीर्ष तीन टोलीले पाकिस्तानमा आगामी डिसेम्बरमा हुने एसिया कप खेल्न पाउनेछन् । एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा एसियाका विभिन्न १६ एशोसिएट टोलीले प्रतिस्पर्धा गर्दैछन् । प्रतियोगितामा सहभागि टोलीलाई चार समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा नेपालसहित बहराइन, साउदी अरेविया र इरान छन् भने समूह 'बी' मा युएई, ओमान, कतार र चीन छन् । त्यसैगरी समूह 'सी' मा सिङ्गापुर, कुवेत, थाइल्यान्ड र माल्दिभ्स तथा समूह 'डी' मा हङकङ, मलेसिया जापान र इन्डोनोसिया छन् । प्रतियोगिताका शीर्ष तीन टोलीले आगामी डिसेम्बरमा पाकिस्तानमा हुने यू–१९ एसिया कप खेल्न पाउनेछन् ।




नेपाल–भारत खुला सीमा संवाद समूहद्वारा बिहीबार जनकपुरधाममा आयोजित नेपाल–भारत खुला सीमा विषयक अन्तरसंवाद कार्यक्रमको अध्यक्ष राजिव झाले उद्घाटन गर्दै। तस्बिरः निरुञ्जनकुमार साह/रासस

# सीमाको परिवेस अनुसार व्यवस्थापनः श्रममन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल भारतको रोटी बेटीको सम्वन्धलाई कायम राख्न नेपाल भारतविचको सीमामा हुँदै आएको बेथितीलाई रोक्नु पर्ने वक्ताहरुले बताएका छन् ।
नेपाल भारत खुला सीमा सम्वाद समुहको आयोजनामा जनकपुरधाममा बिहीबार भएको नेपाल भारत खुला सीमा विषयक अन्तर सम्वाद कार्यक्रममा वक्ताहरुले यस्ता बताएका हुन् ।
कार्यक्रममा मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री चन्दन सिंहले नेपाल भारतको खुल्ला सीमाको नयाँ परिवेश अनुसार व्यवस्थापन हुनु पर्ने आवश्यकतामा जोड दिए । उनले सीमाको नयाँ परिवेश अनुसार व्यवस्थापन गर्दा सांस्कृतिक सम्बन्ध र घनिष्ट मित्रतालाई ध्यानमा राखेर गर्नु पर्दछ भने । उनले खुल्ला सीमाले धेरै विषयमा सहजता भएपनि ड्रग्सको कारोवारका कारणले नेपाली यूवाहरु कूलतमा फस्दै गएको बताउदै यस विषयमा दुवै देशका सरकार गंभिर हुन जरुरी रहेको बताए । मधेश प्रदेश सरकारका पूर्वमन्त्री एवं नेपाली काँग्रेसका नेता रामसरोज यादवले चुरे विनाशको असरवाट दुवै देशका जनता नराम्रोसंग प्रभावित भएकाले यसको संरक्षणमा साँझा प्रयासको आवश्यकतामा जोड दिए ।
नेकपा एमालेका मधेश प्रदेशका उपनेता दिपेन्द्र ठाकुरले नेपालको सच्चा मित्र भारत भएको बताउदै सीमामा आउने विवादको शान्तिपूर्ण रुपमा समाधान गर्दै सीमाक्षेत्रका नागरिकलाई असहजता उत्पन्न हुने कुनै पनि गतिविधि हुन नहुने बताए ।
जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले खुल्ला सीमानाको विषयमा बृहत्त समीक्षा हुन जरुरी रहेको बताउदै नेपालको सीमासंग जोर्डिको भारतीय क्षेत्रको विकास सुस्त गतिमा भएको बताए ।
भारत सरकारको वीरगंज स्थित महावाणिज्य दूतावासका महावाणिज्य दूत शैलेन्द्र कुमारले नेपाल भारत बीचको सम्बन्ध अन्य मुलुकको सम्बन्ध भन्दा फरक भएकाले सीमानामा रहेको भारतीय सीमा सुरक्षा वललाई नेपालीसंग सरल व्यवहार गर्न निर्देशन दिईएको बताए ।
जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले खुल्ला सीमानाका कारणले चोरी पैठारी बढेका कारणले सिमावर्ति नेपालका बजारहरुको कारोवार घटेको चर्चा गर्दै सीमानको व्यवस्थापन वैज्ञानिक एवं मित्रवत हुनु पर्ने धारणा राखे । नेपाल भारत खुला सीमा संवाद समूहका अध्यक्ष राजिव झाको अध्यक्षतामा भएको सो कार्यक्रममा तराई मधेश लोकतान्त्रिक पार्टी नेपालका कार्यवाहक अध्यक्ष डा. विजय कुमार सिंह, नेकपा माओवादी धनुषाका ईन्चार्ज विजयशंकर नायक सहितका वक्ताहरुले सीमा क्षेत्रमा भारतीय सीमा सुरक्षा वलले नेपालीलाई दुःख दिन थालेको बताए ।
कार्यक्रममा दुवै देशका नागरिक सम्मिलित रहेको सीमा संवाद समूहका अध्यक्षले संयुक्त रुपमा सीमामा देखिएको समस्या समाधानका लागि भारतीय महावाणिज्य दूतलाई लिखित ज्ञापनपत्र दिईएको छ ।
कार्यक्रममा भारत जयनगर पंचायत प्रमुख,जयनगर चेम्वर आफ कर्मशका अध्यक्ष,महासचिव,विज्ञ तथा नेपाल भारतका पत्रकारहरुको उपस्थिती रहेको थियो ।

# टिभिएसको एक्सचेन्ज मेला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बुधवारदेखि जनकपुरधाममा टिभिएस मोटरसाइकलको ‘च्याम्पियन्स एक्सचेन्ज’ मेला शुरु भएको छ ।
जनकपुरधामको भामरपुरा चोकस्थित टिभिएस शो रुम अधिकृत विक्रेता आर्यन अटोमोबाइल्सद्वारा जनकपुरधामको बारबिघामा एक्स्चेन्ज मेला शुरु भएको हो । असोज ३० गतेसम्म संचालन हुने सो एक्सचेन्ज मेलाको जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले बुधवार उद्घाटन गरेका हुन् ।
उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मनोज साहले टिभिएस कम्पनीको मोटरसाइकल निकै नै टिकाउ र भरपर्दो विश्वासिलो रहेको कारण भारतमा मात्र नभई नेपालमा समेत पहिलो नम्बर रहेको बताए । उनले भने लामो समयदेखि टिभिएस मोटरसाइकलले ग्राहकवर्गमा राम्रो छाप छोडनुको प्रमुख कारण नै अन्य मोटरसाइकलको तुलनामा टिकाउ हुनु हो ।दसैं तिहार लगायतका पर्वमा टिभिएसले ल्याएको ‘हर मोडमा उमंग’ अफर अन्तर्गतका सम्पूर्ण छुटसहित अन्य विशेष छुट र उपहार सहितको सुविधा एक्स्चेन्ज मेलामा ग्राहकको लागि राखिएको सेल्स रिजनल मैनेजर देवेन्द्र ढुंगानाले जानकारी दिए ।
जुनसुकै कम्पनीको मोटरसाइकल र स्कूटरको एक्सचेन्जमा कम्पनीले एक्चेन्जमा विशेष छु सहित रु. १० हजारसम्म थप भ्यालुएशन तथा शुन्य प्रतिशत ब्याजदर र २५ प्रतिशत डाउनपेमेन्टमा बाइक तथा स्कूटरलाई ग्राहकलाई उपलब्ध गराउने सहित हरेक महिना सयप्रतिशत क्यासब्याक अफर रहेको समेत जानकारी दिए ।
टिभिएस खरिदमा ग्राहकले १० लाख रुपैयाँसम्म जित्ने मौका प्राप्त गर्न सक्ने जनकपुरधामका टिभिएस अधिकृत विक्रेता आर्यन अटोमोबाइल्सका संचालक रामबालक महतोले जानकारी दिए ।
योजना अन्तर्गत नकिन्दै एक लाख जित्ने मौका र खरिद गरेपछि दस लाख रुपैयाँसम्म जित्ने मौका छ ।

# छिमेकी मामाबाटै किशोरी बलात्कृत




**जनकपुरधाम ।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका इच्छापुरमा एक १५ वर्षीया बालिका बलात्कृत भएकी छन् ।
क्षीरेश्वरनाथ नगरपालिका ८ घर भएकी बालिका असोज २० गते शनिबार नातामा मामा पर्ने छिमेकीबाट बलात्कारको शिकार भएकी हुन । बालिका नातामा भान्जी पर्ने सोही वडा वस्ने छिमेकी २५ वर्षीय इस्वर राज भनिने भरत महतोबाट बलात्कृत भएकी हुन ।
छिमेकीको नातामा भान्जी पर्ने वालिका असोज २० गते शनिवार करिब ५ वजे तिर खेतमा घाँस काट्न गएको बेला एक्लै देखर उखुबारीमा लगि बलात्कार गरेको वालिकाले आरोप लगाएकी छन् ।
बाख्रा चराउन गएको भरत महतोले बालिकालाई एक्लै देखेपछि घरमा बाख्रा बाँधेर आइ बालिकालाई पछाडीबाट आँखा छोपी हाथखुट्टा बाँधेर उँखुवारीमा लगी बलात्कार गरेको बालिकाले आरोप लगाईन ।वालिकाको अनुसार आफनो आँखा खोलेपछि आफनै छिमेकीको मामा पर्ने भरत महतो रहेको र महतोले आफूलाई लुगा र चप्पल किनदिने लोभ देखाएको बताइन। पिडित वालिका रुदै घरमा आफनो दाईलाई घटना वारे जनकारी गराइकि थिइन ।
घटनाबारे इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा पीडित परिवारले उजुरी दिएका छन् ।
उजुरी पछि पिडित वालिकालाई मेडिकल गराई आवश्यक प्रक्रिया अगाडी बढाइएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरिक्षक दिपक कार्कीले जानकारी दिए । घटना पछि आरोपित फरार रहेकोले खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।
आरोपितत पक्षले गाउँमै घटना मिलाउन दवाव दिइरहेको पीडितले जनाएको छ ।

# ४ क्वीन्टल गाँजासहित पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीबाट ४ क्वीन्टल बढी अवैद्य गाँजासहित एक युवक पक्राउ परेका छन् ।
जिल्ला प्रहरी कार्यालय महोत्तरीले २७ पोकामा रहेको ४ क्वीन्टल ५ किलो गाँजासहित एक युवकलाई पक्राउ गरेको हो । बुधबार राती जलेश्वर नगरपालिका वडा नं. १ क्याम्पस रोडस्थित फर्निचर अगाडिबाट सो परिमाणको लागुऔषध गाँजा पक्राउ गरेको हो ।
प्रहरीले ना.६ख ७३७४ नम्बर को ट्रकमा लुकाएर राखेको अवस्थामा सो परिमाणको गाँजा बरामद गरेको हो । रातीमा खाली ट्रक लिएर घुमिरहेको अवस्थामा अस्थायी प्रहरी पोस्ट नगरपालिकाबाट खटिएको प्रहरी टोलीले गाडी चेकजाँच गर्दा मालसामान राख्ने स्थानमा फल्स ठाउँ बनाई लुकाइछिपाई राखेको अवस्थामा गाँजा फेला पारेपछि ट्रकचालक फरार भएका थिए । सहचालक मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं. २ निवासी २२ वर्षीय विशाल थिङ भने पक्राउ परेका छन् ।पक्राउ परेको थिङसँग थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए । उनले महोत्तरी प्रहरीले गाँजा नियन्त्रणका लागि विशेष अभियान चलाइरहेको बताए । महोत्तरीमा विभिन्न जिल्लाबाट गाँजा आयात भई दशगजा हुँदै भारत प्रवेश गर्ने र स्थानीय बजारमा समेत बेचबिखन हुने जानकारीअनुसार पछिल्लो समय यस्ता गतिविधिउपर महोत्तरी प्रहरीले विशेष निगरानी बढाएको छ ।

# आमा समूहलाई जाउलो बनाउने तालिम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकनन्दिनी गाउँपालिका वडा नं. ३ प्रखे महुवाका आमा समुहलाई पोसिलो जाउलो बनाउन सिकाइएको छ ।
सामाजिक विकास र अनुसन्धान केन्द्रको आयोजना तथा प्लान ईन्टरनेसनल नेपालको आर्थिक सहयोगमा संचालित बालबालिका सपना परियोजना अन्तरगत ति आमा समुहलाई पोसिलो जाउलो बनाएरै देखाइएको र यसै प्रकारले प्रत्येक दिन नियमित रुपमा आफ्नो बालबालिकालाई पोसिलो जाइलो खुवाउनु पर्ने जानकारी दिएको परियोजनाका कार्यक्रम संयोजक बिबश श्रेष्ठले जानकारी दिए । आमा समुहको अगाडी नै चार प्रकारको खानाका सामग्रीहरु प्रदर्शन गरि त्यसको महत्वबारे सबैलाई जानकारी गराइएको थियो । घरवरपर तथा बजारमा सजिलै पाइने अन्न, कन्दमुल, गेडागुडी,हरियो सगापात तथा पहेलो फलफुल,पशुपंक्षिजन्य पदार्थबाट जाउलो बनाएर बालबालिकालाई नियमित रुपमा खुवाउदा यसले उनिहरुको शारीरिक ,मानसिक र बौद्धिक विकासमा मदत गर्छ ।
कार्यक्रम संयोजक श्रेष्ठले आफैले पोसिलो जाउलो बनाई साना बालबालिकाहरुलाई खुवाउन लगाएका थिए । यसरी पोसिलो जाउलो अब उपरान्त आफ्ना बालबालिकाहरुलाई बनाएर दिने सहभागी आमा समुहका सदस्यहरुले बताए । बालबालिकाहरुको स्वास्थ्यका लागि चाहिने आवश्यक पौष्टिक तत्व पुरा गर्न पोसिलो जाउलोको महत्वपुर्ण योगदान रहेको हुन्छ ।
घरमा उपलब्ध विभिन्न प्रकारका खानेकुरालाई मिलाएर पोसिलो जाउलो बनाई नियमित रुपमा सानो नानीहरुलाई खुवाउदा उनिहरुलाई कुपोषणबाट बचाउन सकिने श्रेष्ठले बताए ।




# महाधिवेसन प्रतिनिधि यादवको श्रद्धाञ्जली सभा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका महाधिवेसन प्रतिनिधी बुलन यादवको जनकपुरधाममा बिहीबार श्रद्धाञ्जली सभा मनाइएको छ ।
बिहीबार धनुषा क्षेत्र नं ४ का क्षत्रिय सभापति तथा मधेश प्रदेशका प्रदेशसभा सदस्य कुमरकान्त झाको अध्यक्षतामा महाधिवेसन प्रतिनिधी बुलन यादवको तेरहौ पुण्य तिथिमा श्रद्धाञ्जली सभा गरिएको हो ।
कार्यक्रममा नेपाली काँग्रेस अनुशासन समिति संयोजक आनन्द प्रसाद ढुंगाना,सह–महामन्त्रि महेन्द्र यादव, मधेश प्रदेशका गृह मन्त्रि मो. शमिम, मधेश प्रदेशसदस्य शेषनारायण यादव,संजय महतो, जिल्ला सभापति योगेन्द्र यादव लगायत नेपाली काँग्रेसका कार्यकताहरुले मृतक यादवप्रति श्रध्दाञ्जली अर्पण गर्दै परिवारजनमा सम्वेदना व्यक्त गरेका थिए ।

# पोखरियाको कागजात अख्तियारको नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसंधान आयोग हेटौँडाको टोलीले विहीबार दिउँसो पोखरिया नगरपालिकामा छापा मारेर आवश्यक कागजात अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । आयोगबाट शिशिर श्रेष्ठको कमाण्डमा आएको टोलीले पूर्वनगर उपप्रमुख सलमा खातुनको नेतृत्वमा रहेको अपांगता कार्ड वितरणसम्बन्धी निर्णय बुक र ढड्डासहितको फाइल अनुसन्धानका लागि लगेको नगरपालिकाका कर्मचारीले बताए । अपांगता कार्ड वितरणमा पूर्व जनप्रतिनिधिबाट अनियमितता भएको उजुरी परेसँगै अख्तियारको टोलीले छानबिनका लागि फाइल लिएर गएको जनाइएको छ ।

# भारतीय राखेर नेपाली कामदारलाई अवकाश !

## विश्वकर्मा सिमेन्टका कर्मचारी न्याय माग्दै



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको विश्वकर्मा सिमेन्ट लिपनी विर्ताले आर्थिक मन्दी तथा बैंकको चर्को ब्याजका कारण देखाइ एकैपटक ३० स्थायी श्रमिक हटाउने घोषणा गरेपछि मजदुर आक्रोशित भएका छन् ।
उद्योगले असोज १२ गते श्रम ऐन २०७४ को परिच्छेद २१ को दफा १४५ को उपदफा १ बमोजिम ३० जना श्रमिकलाई आर्थिक मन्दी तथा बैंकको चर्को ब्याजको कारण देखाई श्रमिक कटौती गर्ने पत्र उद्योगमा टाँसेपछि मजदुर प्रभावित भएका हुन् । उद्योगमा श्रम ऐनविपरीत ठूलो संख्यामा भारतीय कामदार कार्यरत रहेको र उनीहरुलाई नहटाइ स्थायीरुपमा कार्यरत नेपाली कामदारलाई मात्र हटाएपछि स्थायी कामदार आन्दोलनमा उत्रिनु पर्ने अवस्था आएको नेपाल ट्रेड युनियन कांग्रेस विश्वकर्मा सिमेन्ट इकाई समिति उपाध्यक्ष मुकेशप्रसाद यादवले बताए ।
पीडित मजदुरले आफूहरुको नामसमेत उल्लेख नगरी श्रम ऐनविपरीत चाडवाडका बेला आफूहरुलाई कामबाट हटाउन थालेको भन्दै श्रम अदालत, श्रम कार्यालय, जिल्ला प्रशासन कार्यालयलगायतका कार्यालय गएर आफूहरुलाई न्याय दिन अपिल गरेका छन् । मजदुरहरुले रोजगारदाताले श्रम ऐन २०७४ को दफा १४५ को उपदफा ३ को प्रक्रिया चलाउँदा दर्ता चलान केही नभएको तथा कानुनी प्रक्रिया केही पूरा नगरी हचुवाका भरमा कर्मचारी कटौती गर्ने निर्णय तत्काल खारेज नगरे आफूहरु कानुनी प्रक्रिया पूरा नगरी श्रम इजाजत नलिई विदेशी कामदारलाई रोजगार दिने कम्पनीविरुद्ध न्यायका लागि आवश्यक कानुनी लडाइँ लड्न बाध्य हुने चेतावनी समेत दिएका छन् ।

# सहकर्मीलाई आगो लगाउने पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सँगै काम गर्ने सहकर्मीलाई पेट्रोल छर्केर आगो लगाई फरार युवकलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले पर्सा घर भई ललितपुर महानगरपालिका–१७ ग्वार्को बस्ने २६ वर्षीय शिबु भन्ने सुवास विकलाई पक्राउ गरेको हो । विकले असोज २२ गते ग्वार्को बाफलस्थित एसबी ह्याण्डग्राफीमा काम गर्ने २४ वर्षीय अरुण विश्वकर्मालाई पेट्रोल छर्केर आगो लगाएका थिए । घटनामा आगो सल्केर अन्य दुईजना पनि घाइते भएका छन् । उनीहरूको कीर्तिपुर बर्निङ अस्पतालमा उपचार भइरहेको छ । घटनापछि फरार विकलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयले काठमाडौँको सुन्धाराबाट पक्राउ गरेको हो । कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले विकलाई थप अनुसन्धानका लागि प्रहरी वृत्त सातदोबाटो पठाइएको बताए ।

# पाँच बालिकाको उद्धार



**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले भारतीय नागरिकसँग हिँडेका ५ बालिकाको उद्धार गरी परिवारलाई जिम्मा लगाएको छ । करैयामाई गाउँपालिका वडा नम्बर १ हरैयाका बालिकाहरुलाई रोजगारी दिलाइदिने प्रलोभन देखाई भारत, मोतिहारी पूर्वी चम्पारण, थाना ढाका, बिक्रमपुर गाँउका सत्य कवि कुमार पालले सीमा कटाउन खोजेका थिए ।
गाउँबाट बालिका हराएको भन्दै स्थानीय अभिभावकले जिल्ला प्रहरी कार्यालयमा खोजतलाजको लागि उजुरी दिएकामा विशेष सूचनाको आधारमा एवम् पर्साको प्रहरीको सहयोगमा वीरगंज महानगरपालिका वडा नम्बर १० आदर्शनगरस्थित राणीसती धर्मशालाबाट उनीहरुलाई प्रहरीले फेला पारेको थियो ।
युवकले बालिकालाई बेच्न लगेको हो/होइन बारे नखुलेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । युवकलाई प्रहरी हिरासतमा राखी थप अनुन्सधान भइरहेको प्रवक्ता प्रहरी नायब उपरीक्षक धनिराम न्यौपानेले बताए ।
एकैपटक गाउँका ५ बालिकालाई हराएपछि स्थानीय त्रसित भएका थिए । बालिकालाई बुधबार नै प्रहरीले फेला पारेको भए पनि अभिभावकलाई बिहीवार जिम्मा लगाइएको हो ।

# ‘स्वास्थ्य संस्था दर्ता भए नभएको हेर्ने जिम्मेवारी पालिकाको’




**मधेशदृष्टि**
**वीरगंज ।**
आव २०७९/८० मा सम्पादित स्वास्थ्य कार्यक्रमको पर्सा जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठी विहीबार वीरगंजमा सुरु भएको छ ।
वार्षिक समीक्षा गोष्ठी मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहले उद्घाटन गरे ।
उनले मधेशमा स्वास्थ्य क्षेत्रको अवस्था नाजुक रहेकाले यसलाई सबल बनाउन पालिकाको भूमिका गम्भीर हुनुपर्ने कुरामा जोड दिए ।
उनले आफ्नो पालिकामा रहेका अस्पताल, क्लिनिक, दर्ता छन् वा छैनन्, मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा दर्ता छ वा छैन, त्यसको सम्पूर्ण जिम्मेवारी पालिकाकै भएको बताए ।
उनले पालिकाका ग्रामीण क्षेत्रमा आधारभूत अस्पताल स्थापना गर्ने मधेश प्रदेश स्वास्थ्य मन्त्रालयको प्राथमिकता रहेको बताए । स्वास्थ्य मन्त्री सिंहले हरेक पालिकामा आधारभूत अस्पताल व्यवस्थितरुपमा सञ्चालन गरी सेवा दिइने भएकाले सम्पूर्ण पालिकाका वासिन्दालाइ स्वास्थ्यसम्बन्धी सेवा आफ्नै पालिकामा लिनसक्ने गरी संरचना निर्माण गर्ने तयारीमा प्रदेश सरकार रहेको जानकारी दिए ।
दुई दिनसम्म सञ्चालन हुने समीक्षा गोष्ठीमा पर्साका स्वास्थ्यसम्बन्धी सञ्चालित कार्यक्रम गर्नुपर्ने कामका बारेमा छलफल हुने जनाइएको छ ।
जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठी स्वास्थ्य कार्यालय पर्साका वरिष्ठ स्वास्थ्य प्रशासक डा. मुक्तिनाथ नारायण साहको सभापतित्वमा भएको हो ।
कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य सचिव प्रमोद कुमार यादव, जिल्ला प्रसासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, प्रादेशिक आयुर्वेद चिकित्सालयका कार्यालय प्रमुख डा.शिवनरायण गुप्ता, नेशनल मेडिकल कलेजका निर्देशक नुशरत जहान अंसारी, जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी धुरवकुमार श्रेष्ठलगायतका व्यक्तिको उपस्थिति छ ।
कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले गरेका थिए ।

# पूर्वमेयर पौडेल घरमै मृत भेटिए



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको जीतपुर सिमरा उपमहानगरपालिकाका पूर्वमेयर डा. कृष्ण पौडेल मृत भेटिएका छन् । पौडेल घरमै मृत भेटिएका हुन् । एमाले नेता पौडेल मानसिक रुपमा बिरामी रहेको र स्वास्थ्यलाभ गरिरहेका थिए । बिरामी रहेका पौडेलका परिवारका सदस्य बुधबार मात्रै काठमाडौँबाट सिमरा आएका थिए । दुई दिनदेखि कोठा थुनेरै बसेका पौडेलको कोठाको ढाका नखुलेपछि प्रहरी लगाएर खोलिएको थियो । कोठा खोल्दा पौडेल कोठामै बेडमा मृत भएका हुन् । प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।
पौडेल राजनीतिका अलावा, सिमरा क्याम्पसका प्राध्यापक, स्थानीय सहकारीमा आवद्ध थिए । नेकपा एमाले बाराका सचिव मनोज पौडेलले कृष्ण पौडेल घरमै मृत भेटिएको बताए ।

# ज्येष्ठ नागरिकको आँखा परीक्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व दृष्टि दिवसका अवसरमा वीरगंजमा ज्येष्ठ नागरिकको निःशुल्क आँखा चेकजाँच गरिएको छ । नेपाल नेत्रज्योति संघ पर्साको आयोजना तथा केडिया आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर गरिएको हो ।
शिविरमा ३८ जनाको आँखा चेकजाँच गरिएको छ । १३ जनामा मोतिबिन्दुको समस्या फेला परेको नेत्ररोग विशेषज्ञ डा.अन्जली चौधरीले जानकारी दिइन् । मोतिबिन्दु भएकामध्ये छनौट भएका बिरामीको रामकुमार महावीर प्रसाद केडिया आँखा अस्पताल परवानीपुरमा निःशुल्क शल्यक्रिया गरिने नेपाल नेत्रज्योति संघ पर्साले जनाएको छ । नेपाल नेत्रज्योति संघ पर्सा जिल्लाका सभापति भगवती प्रसाद चौधरीको सभापतित्वमा शिविर भएको हो ।
कार्यक्रममा नेत्रज्योति संघका केन्द्रीय सदस्य श्याम कुमार पोखरेलले आँखा परीक्षण गराउन आएका नागरिकलाई चेकजाँच स्लिप हस्तान्तरण गर्दै शिविर उद्घाटन गरेका थिए ।
शिविरमा संघका पूर्वअध्यक्ष जगदीश प्रसाद शर्मा, नेपाल रेडक्रस मधेश प्रदेश सभापति फुल महम्मद मियाँ, महन्थ प्रसाद यादव, नेत्रज्योति संघ पर्साका उपाध्यक्ष मदन प्रसाद गुप्ता लगायतको उपस्थिति थियो ।

# २५० बालबालिकालाई पोशाक वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ मा रहेको एक विद्यालयका छात्रछात्रालाई विद्यालय पोशाक वितरण गरिएको छ । नेपाल राष्ट्रिय आधारभूत विद्यालय मनिहर्वाका विद्यार्थीलाई पोशाक वितरण गरिएको हो ।
गाउँपालिकाको ५८ हजार ८ सय रुपैयाँको बजेटबाट विद्यालयमा अध्ययनरत २ सय ५० जना बालबालिकालाई विद्यालय पोशाक वितरण गरिएको हो ।
पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष बिपिन मुखिया, वडा सदस्य मदन मिश्र र विद्यालय व्यवस्थापन समिति अध्यक्ष शम्भु प्रसाद थारू तथा विद्यालयका प्रधानाध्यापक हरिराज प्रसाद यादवलगायतको उपस्थितिमा पोशाक वितरण गरिएको हो ।

# मोटरसाइकल चोरी गर्दागर्दै पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिकाको गेटबाट विहीबार दिउँसो मोटरसाइकल चोरी गर्ने क्रममा एकजना रंगेहात पक्राउ परेका छन् ।
प्रदेश नम्बर २–०३–० १४ प ४०१३ नम्बर को होण्डा साइन मोटरसाइकलमा नक्कली साँचो लगाएर खोल्दै गर्दा पोखरिया नगरपालिकाको नगर प्रहरीको टोलीले स्थानीय २६ वर्षीय तैयब अन्सारीले रंगेहात पक्राउ गरेको हो । नगर प्रहरी दिनानाथ प्रसाद चौरसियाले चोरलाई नियन्त्रणमा लिएपछि इलाका प्रहरी कार्यालय पोखरियाको जिम्मा लगाइएको र घटनाबारे थप अनुसन्धान भइरहेको बताए ।

# ६५ लाखका औषधी, सामानसहित ट्रक नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
बिल बिजक भन्दा ६५ लाख रुपैयाँ बढीको हार्डवेयर, औषधी तथा खुद्रा सामान लोड २ वटा ट्रक पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंजबाट झापा जाँदै गरेको ना १ ख ३२०१ नम्बरको मालबाहक ट्रक र वीरगंजबाट नुवाकोट जाँदै गरेको ना ४ ख ११२७ नम्बरको ट्रक रोकेर चेकजाँच गर्ने क्रममा बुधबार राति बिल बिजक भन्दा बढी हार्डवेयर, औषधी तथा खुद्रा सामान भेटिएपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले बताए । वीरगंज महानगरपालिका वडा नम्बर १५ प्रतिमा चोकस्थित सडकखण्डबाट नियन्त्रणमा लिइएको ना१ख ३२०१ नम्बरको मालबाहक ट्रकमा चेकजाँचक्रममा बिलबिजक भन्दा ४४ लाख ४३ हजार ३ सय १७ रुपैयाँ बराबरको हार्डवेयर, औषधी तथा खुद्रा सामान रहेको र वीरगंजबाट नुवाकोट जान लागेको ना४ख ११२७ नम्बरको ट्रकमा बिल बिजक भन्दा २० लाख ६५ हजार ९ सय ८० रुपैयाँ बराबरको औषधी तथा खुद्रा सामान भेटिएसँगै थप कारबाहीका लागि दुवै ट्रक राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी प्रवक्ता थापाले बताए ।

# ब्रह्माकुमारीजद्वारा श्रद्धाञ्जली समारोह



**मधेशदृष्टि**
**वीरगंज ।**
इजरायलमा भएको आक्रमणमा परी अमूल्य जीवन गुमाउने नेपालीजनको सम्झनामा विर्ताको ओम शान्ति भवन सभागृहमा श्रद्धाञ्जली तथा मौन धारण गरिएको छ । ब्रह्माकुमारी बेली दिदीज्यूको अभिभावकत्व तथा वीरगंज महानगरपालिकाका वडाध्यक्षत्रय बैजु साह, अवध किशोर र प्रदिप चौरासिया तथा प्रसिद्ध सामाजिक अभियन्ता प्रकाश थारूलगायत संस्थाका राजयोगी साधक साधिकाको सहभागितामा मैनबत्ती प्रज्वलित गरी दिवंगत आत्माको शाश्वत शान्ति र परमगतिको कामना गरिएको थियो ।

# सर्लाहीमा धमला, इलाममा यादव




**मधेशदृष्टि**
**वीरगंज ।**
गृह मन्त्रालयले सर्लाहीसहित ४ जिल्लाका प्रमुख जिल्ला अधिकारी हेरफेर गरेको छ ।
असोज २३ गतेको निर्णयअनुसार सर्लाही, दोलखा, बाँके र इलामका प्रमुख जिल्ला अधिकारी हेरफेर गरिएको मन्त्रालयले जनाएको छ ।
दोलखाका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाको सर्लाहीमा सरुवा भएको छ । सर्लाहीका ईन्द्रदेव यादवलाई इलामको प्रमुख जिल्ला अधिकारी बनाइएको छ । इलामका श्रवणकुमार पोखरेललाई बाँके पठाइएको छ । बाँकेमा प्रमुख जिल्ला अधिकारी रहेका विपिन आचार्यलाई गृह मन्त्रालयमा सरुवा गरिएको छ । गृहमा रहेका टुवाराज पोखरेललाई दोलखाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन